# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

नेपाल बहुजाति, बहुभाषी र विविध सांस्कृतिक परम्पराले भरिएको देश जहाँका हरेक जातिका आ-आफ्नै जातिगत संस्कार र संरचना हुनुले पनि अनेकतामा एकता पाइनु नेपालीको विशेषता हो, विविध जातिहरु बस्ने हाम्रो देशमा सामाजिक, आर्थिक, सांस्कृतिक रुपमा हेपिएको पानी नचल्ने भनिएका तल्ला र विपन्न वर्ग नै दलित हुन् । आजको वैज्ञानिक, परिवर्तनशिल विश्वमा विभिन्न परिवर्तनका साथै मानवीय, मूल्य, मान्यतामा कानूनी रुपमा परिवर्तन भए पनि नेपालमा व्यवहारिक रुपमा जातीय विभेद रहिरहेको छ । नेपालमा जातीय भेदभाव विरोधी कानूनी प्रावधान भएतापनि, जातीय विभेदलाई निराकरण गरेता पनि व्यवहारिक रुपमा पूर्ण कार्यान्वयन हुन सकिरहेको छैन । मानवीय चेतना, विकास र शहरीकरणले गर्दा मानवीय सोंचाइमा केही सकारात्मक परिवर्तन भएको पाइन्छ । यस्तो परिवर्तनले राष्ट्रको भविष्य उज्ववल पार्न सक्छ भने जातीय विभेदीकरणले विखण्डनको नकारात्मक पक्षतिर लैजान सक्छ, तसर्थ बेलैमा यसतर्फ सोंच्नु अनिवार्य भएको छ (पोखेल, २०६७) ।

समाजमा भेदभाव, छुवाछुत, सार्वजनिक स्थानमा बहिस्कार, राजनैतिक, आर्थिक अवसरहरुबाट बन्चित गर्नु र गराउनु दुबै अपराध मानिन्छ र सजाय पनि दिइन्छ तर यी सबै किसिमका अवसरबाट दलित महिलाहरु लगभग पूर्ण रुपमा बञ्चित छन् । नेपालको कानुनमा छुवाछुत पूर्ण रुपले हटाएको वर्षौ बितिसक्दा पनि समाजमा यसको कार्यान्वयन पूर्ण रुपमा हुन नसक्दा घर, गाउँमा सिमित जीवन बिताइरहेका दलित महिलालाई यसले सबै भन्दा बढी प्रभाव पारेको छ । समाजमा रहेर पनि अन्य महिलाले जति अधिकार पाउन सकेका छैनन् ।

नेपालको हिन्दू सामाजिक संरचनामा समग्र दलित बासिन्दाहरुको सामाजिक हैसियत सबै भन्दा न्यून छ । देशको १३ प्रतिशत जनसंख्याको प्रतिनिधित्व गर्ने यी दलितहरु हिन्दु हुन र

यी हिन्दु दलितहरु हिन्दू धर्म अन्तरगतकै उच्च जातका हिन्दूहरुवाट धर्म स्वयंले नै दिएका विश्वासहरुका आधारमा हेपिन्छन् । यद्यपी २०२० को नयाँ मुलुकी ऐनको उदय पश्चात जातीय प्रथालाई औपचारिक रुपमा हटाइएको भएतापनि देशका दलितहरुलाई अझै पनि अछुत को रुपमा व्यवहार गरिन्छ । देशका विभिन्न भागमा वसोबास गर्ने उच्च जातका हिन्दूहरु अझै पनि दलितहरुले दिएको पानी र खाना स्वीकार्दैनन् । दलितहरु बास्तवमा अरुले सोचे झै एकरुपीय समूह होइनन् । यी समुहको भाषा संस्कृति र धर्ममा विभिन्नता पाइन्छ । दलित आयोगले दलितहरुलाई क्षेत्रगत आधारमा २ वटा विशाल समुहमा विभाजन गरेको छ । दलित महिलालाई अगाडि बढाउनकालागि, शिक्षित बनाउनकालागि, आर्थिक रुपले सबल बनाउनकोलागि, सरकार, राजनैतिक दल, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरुले विभिन्न प्रयासहरु गरिरहेका भए पनि यसबाट सोंचे जति फाइदा नहुनुले विभिन्न विकास योजनामा दलित महिलाको संलग्नता नहुनुलाई पनि मान्न सकिन्छ ।

शिक्षा सभ्यताको मुहान र विकासको मेरुदण्ड हो । शिक्षाले मानिसको चिन्तनमा फराकिलो, सहिष्णुता, सदाचार, इतिहास तथा संस्कृतिप्रति गौरवशाली, श्रमप्रति सकारात्मक सोचको अपेक्षा राख्दछ । समयको माग अनुरुप गुणस्तरीय शिक्षाका लागि शिक्षा क्षेत्रमा मानव क्षमता विकासको आवश्यकता पर्दछ । शिक्षालाई समय सापेक्ष बनाउन शिक्षामा गुणात्मक सुधार ल्याउन अपरिहार्य हुन्छ । तसर्थ शिक्षा सक्षम जनशक्ति निर्माणको मुख्य आधार हो । देशको आर्थिक सामाजिक र साँस्कृतिक क्रान्तिको मेरुदण्डको रुपमा उपस्थित रहन्छ । शिक्षक बालबालिका तथा राष्ट्रको भविष्य निर्माता हो भने विद्यालय अपेक्षित उद्देश्य प्राप्त गर्न गरिने क्रियाकलापहरु संचालन गर्ने पवित्र स्थलको रुपमा रहन्छ । देश विकासको आधार शिक्षाको गुणात्मक तथा संख्यात्मक विकासमा प्रत्यक्ष निर्भर गर्दछ । गुणस्तरीय शिक्षा विना बहु आयामिक विकास तथा देशको शिक्षा नितिमा निर्भर गर्दछ । गुणस्तरीय शिक्षा विना बहु आयामिक विकासको कल्पना गर्न सकिदैन । अतः यसको सुरुवात कक्षाकोठा बाटै गरिनुपर्दछ । गुणस्तर प्राप्त गर्न शिक्षकको योग्यता दक्षता एंव गुणस्तर सुधार नगरेसम्म शिक्षण सिकाइमा सुधार हुन सक्दैन । जसका लागि रचनात्मक तथा सुधारात्मक सुपरिवेक्षण सेवाको पद्धतिगत विकास र विका आवश्यक पर्दछ (अधिकारी , २०६७) ।

शिक्षा मानव विकासको महत्वपूर्ण आधार हो । यो संसारलाई नै हेर्ने, बुझ्ने र बदल्ने चेतनाको सशक्त माध्याम हो । तसर्थ हरेक व्यक्तिको मानवअधिकारको विषय हो । शिक्षा जुन तथ्य संयुक्त राष्ट्रसंघद्वारा पारित वडापत्रमा समेत उल्लेख भइसकेको झण्डै ६ दशक वितिसकेको छ । विश्वका विभिन्न देशहरुले आधारभूत शिक्षा सम्पूर्ण नागरिकको पहुँच सम्म कसरी र कहिले सम्म पुऱ्याउन सकिन्छ, भन्ने विषयमा विश्वमा दुईवटा शिखर सम्मेलन समेत सम्पन्न भईसकेका छन् । सन् १९९० को थाइल्याण्डको जोमटिन र सन् २००० को सेनेगलको डकार सम्मेलन । यो सम्मेलनले विश्वको हरेक राष्ट्रले सन् २०१५ सम्ममा अनिवार्य निःशुल्क प्रथामिक शिक्षा हरेक नागरिकको पहुँच पुऱ्याउने अन्तर्राष्ट्रिय स्तरमा प्रतिवद्धता जाहेर गरिसकेको छ ।

शिक्षा प्राप्त गर्न पाउनु हरेक व्यक्तिको नैसर्गिक अधिकार हो । शिक्षाले व्यक्तिको व्यक्तित्व विकास गराउनुका साथै मुलुकको निर्मित अपरिहार्य, उत्पादनशील, अनुशासित, देशभक्त चरित्रवान् र दक्ष नागरिक उत्पादनमा महत्पूर्ण भूमिका निर्वाह गर्दछ । शिक्षा सामाजिक परिवर्तनको वाहकका साथै समाजमा मान्यताहरूको संरक्षण सुधारको वाहक पनि हो । शिक्षा नै यस्तो सशक्त माध्यम हो जसबाट सभ्य समाजप्रति उत्तरदायी व्यक्तिहरू तयार गर्नुका साथै त्यस समाजको विकास तथा सुधारमा ठूलो टेवा मिल्छ । समाजको गतिसँगशमा घुलमिल हुन शिक्षाको आवश्यकता पर्दछ ।वास्तवमा शिक्षित जनशक्ति नै राष्ट्रको अमूल्य सम्पदा र प्रगतिका सम्वाहक हुन् । देशको बहुआयमिक विकास तथा प्रगति मुलुकले अख्तियार गरेका शिक्षा नितीमा निर्भर गर्दछ ( केन्द्रिय तथ्याङ्क विभाग २०५४) । त्यसैले जुनसुकै देशले पनि शिक्षालाई राष्ट्र निर्माणको कडीको रूपमा लिने गरेको पाइन्छ ।

वि.सं. २०६८ सालको जनगणना अनुसार नेपालको कूल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ छ । कुल जनसंख्याको करिब ६५.९ प्रतिशत जनता शिक्षित छन्। आधा जनसंख्या भन्दा बढी रहेका महिलाहरु शिक्षाको सुनौलो अवसरबाट वञ्चित छन् । नेपालको कूल जनसंख्यामा ६५.९ प्रतिशत जनता मात्र साक्षर छन् भने त्यसमा पुरुष साक्षरता ७५.५ प्रतिशत र महिला साक्षरता दर न्यून रहेको देखिन्छ (केन्द्रिय तथ्याङ्क विभाग, २०६८) ।

यसरी अन्तर्राष्ट्रिय वचनबद्धता अनुरुप राष्ट्रले शिक्षामा गरेको लगानीको सार्थक प्रतिफलको लेखाजोखा गर्ने बेला हो यो । देशका पिछडिएका वर्ग र जनजातीको पहुँचमा प्राथामिक

शिक्षा छ/छैन ? कति प्रतिशत नागरिकहरु आधारभूत मानवअधिकारको विषयबाट बञ्चित छन् ? बञ्चित हुनाको कारण के-के हुन सक्छन् ? यी शोधखोजका विषय हुन् । जव शैक्षिक अवसर र समानताको कुरा आउँछ तव पिछडिएको वर्गको विशेषता सहित दलित जातीका कुराहरु अघि सर्दछन् । यसरी किन एउटै राष्ट्रका नागरिकहरुमा पनि विभेद गरिन्छ ? देशमा विद्यमान संविधान र नियम कानुनले भेदभाव गरिएको छैन भनी भनिन्छ । आरक्षणका कुराहरु पनि उनीहरुकै नाममा गराइएका छन् । तर यथार्थतालाई नियाल्ने हो भने विद्यमान परिवेश निकै कहाली लाग्दो छ । यो पिछडिएको वर्ग दलित जाती र विशेष गरी जातीगत विभाजनको रेखा र हरेक वर्षको राष्ट्रिय बजेट, पञ्चवर्षिय योजना, राज्यका नीतिनियमहरु तर्जुमाको प्रक्रियामा अग्रस्थान बनेको लोकप्रिय वाक्य हो । "पिछडिएका जाती, जनजाती र दलित जातीहरुलाई राष्ट्रिय मूलधारमा ल्याई उनीहरुको जीवनस्तर उकास्ने कुरा" । यद्यपि अझै पनि उपेक्षित, उत्पीडित, दलित, पिछडिएका जनजाती र महिलाहरुलाई प्राथमिकता दिई साक्षर हुन बाँकी ४६ प्रतिशत निरक्षँणहरुलाई साक्षर बनाउनु पर्ने चुनौति हाम्रो सामु रहेको छ (कोइराला, २०६३) ।

दलित जातीसँग जातपातका आधारमा यिनहरुसँग भात, पानी वार्ने, बिहेवारी नगर्ने, घरभित्र पस्न रोक लगाउने गरेको पाइन्छ । हिन्दुवर्ण व्यवस्थामा नपरेका मंगोल समुदायका जनजातीले पनि तल्ला जातलाई उस्तै किसिमको छुवाछुतको व्यवहार गर्दै आएका छन् । यसरी हिन्दुसमाजको उच्च जातबाट सिर्जना गरिएको जातीपाती बिचमा पुनः छुत अछुतको भेदभाव गर्ने गरेको पाइन्छ जस्तै कामी र दलित (कामी, दमाई, सार्की) बिच पनि असमान व्यवहार भएको पाइन्छ । अछुत पारिएकाहरु आर्थिक कारणले विपन्न हुन पुगेका र आफ्नै समुदायका सदस्यहरुले पनि हेला गर्ने गरेको पाइन्छ । यद्यपी उत्पीडन दलित समुदायहरुको साङ्गठनिय प्रयासले आन्तरिक बाह्य भेदभाव र छुवाछुतको विरोधी अभियान अगिबढ्न थालेको छ । यसरी अछुतकै तहमा भएको भेदभावको स्थितिलाई दलित, उत्पिडित समुदायहरुको समानताको आन्दोलनले एक अर्कामा भेदभावको कमी गराएको छ जसले गर्दा अछुत जातीहरुबिच सहभोज हुन थालेको छ (पराजुली, २०६३) ।

नेपाली रुप हेर्दा नचाहिदो रितिरिवाज, सामाजिक शोषण र राष्ट्रिय एकताको बाधकको रुपमा रहेका जाती-जाती विचको भेदभाव जातीको आधारमा गरिने व्यवहार आदि निमूर्ल

पार्नै नसकुनजेलसम्म राष्ट्रले विकासको ठोस दिशा लिन नसक्ने र राष्ट्रको समग्र पक्षको विकास गर्ने र सबैलाई समानताको व्यवहार गर्नको लागि वि. सं. २०२० साल भाद्र १ गते मुलुकी ऐनलाई कानुनी मान्यता दिएर मानिस-मानिस बीचको भेदभावलाई सामाजिक अपराध भनेर घोषणा गरेतापनि सो कुरा व्यवहारमा लागु हुन सकेन र हालसम्म पनि लागु हुन सकेको देखिदैन ।

आजको युगमा शिक्षा ज्यादै अनिर्वाय बनेको छ । जति मानिसलाई खानलाउनको आवश्यकता पर्दछ त्यतिनै मानिसको सर्वाङगीण विकासको लागि शिक्षाको आवश्यकता पर्दछ । शिक्षाले चेतनाको क्षेत्रलाई फराकिलो पर्दछ । यही शिक्षाको अभावले आज मानिस पछाडी परेका छन् । मानविय मुल्य, मान्यता, धर्म, सँस्कृति आदि जस्ता कुराहरु एक पुस्ता बाट अर्को पुस्तामा हस्तान्तरण हुँदै जाने कुराहरु हुन् । जस्तो सामाजिक, साँस्कृतिक शैक्षिक एवंम आर्थिक अवस्था रहेको हुन्छ त्यस्तै किसिमले मानविय जनजिवन अगाडी बढिरहेको हुन्छ । सामाजिक ,साँस्कृतिक, शैक्षिक एवंम आर्थिक पक्षबाट पिल्सिएका दलित वर्गहरु शिक्षाको क्षेत्रमा वन्चित रहेका छन् । दलित महिलालाई शिक्षित बनाउनको लागि, आर्थिक रुपले सवल बनाउनको वलागि, सरकार, राजनितिक दल, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले विभिन्न प्रयासहरु गरिरहे पनि यस बाट नगण्य मात्रामा फाइदा पाएका छन् । नेपालका अधिकांश अविकसित ठाउँहरुमा विद्यालय गएका केटाकेटीहरु माथि ज्यादै भेदभाव गरिने हुनाले कतिपय दलित वर्गका केटाकेटीहरु विद्यालय जानेदेखी डराएको र जनेहरु पनि ठूलो संख्यामा ४-५ वा ८-१० कक्षाबाट अध्ययन छोडेर विदेशतिर तथा घरको काम धन्दामा जीवन निर्वाह गरेको पाइन्छ भने हाल आएर यसमा परिवर्तन भएको पाइन्छ । दलित समुदायका पुरुषहरुमा केही मात्रामा शैक्षिक अवस्था सुदृढ देखिएता पनि महिलाहरुमा त्यति बढेको पाइदैन । यद्यपि समय अनुसार देखा पर्ने सामाजिक रुपान्तरणको नियम अनुरुप यस क्षेत्रमा आंशिक विकास देखा नपरेको भएतापनि सोचे अनुरुपको विकास हुन नसकेको तितो सत्यलाई पनि स्वीकार्नै पर्दछ । सामाजिक भेदभावपूर्ण नियतिबाट अन्य अछुत जातीहरुका साथ साथै नेपालमा बसोबास गर्ने दलित जाती पनि फरक वा भिन्न रहन सकेका छैनन (श्रेष्ठ, २०१२) ।

नेपालको संविधान (२०७२) मा अझ बढी सशक्त रुपमा जातीय समानता ल्याउने कानुनी प्रावधानलाई बढी व्यवस्थीत बनाएको छ । जातपातको आधारमा कसैलाई पनि विभेद गरिने

छैन । यदी यसो गरिएमा कानुन बमोजिम दण्डनिय हुनेछ ( नेपालको संविधान वि. सं. २०७२ ) । नेपालको संविधान (२०७२) ले सवै तहका शिक्षा मा सह शिक्षा को निति लागु गरिने छ भनिएको छ । विशेषतः यस शोध पत्रको प्रस्तावनाले जोड दिन खोजेको विषयवस्तु पनि अध्यय क्षेत्रका दलित महिलाहरुको शिक्षामा पहुँच, सामाजिक अवस्था र शिक्षाले ल्याएको परिर्वतनका प्रभावहरुको विश्लेषण गर्नु रहेको छ ।

## १.२ समस्याको कथन

शिक्षा र विकास परिपूरक हुन् । दलित जातिको विकासका लागि शिक्षा अनिवार्य छ । मानिसमा आउने शैक्षिक स्तर, ज्ञान र चेतनाले संवाद गर्ने कला, विश्लेषणात्मक क्षमता र कार्यक्षमताको विकास गरी जीवनस्तर उकास्न सहयोग गर्दछ । हक र अधिकारको लागि लड्न सिकाउँछ र कर्तव्यप्रति सजक बनाउँछ । विकासोन्मुख मूलुकहरूमा शिक्षा को सर्वव्यापीकरण चुनौतीको रूपमा विद्यमान छ । सोही अनुरुप नेपालका दलित समुदाय शिक्षा मा पछाडि परेका छन् । सुविधाविहीन समूहलाई उत्प्रेरणा दिने विशेष अवसरका कार्यक्रम हरू छात्रवृत्ति, तेल, पौष्टिक आहार, पाठ्यपुस्तक र शैक्षिक सामग्री, आरक्षणको व्यवस्था गरेता पनि दलित समुदायले अपेक्षाकृत उपलब्धि हासिल गरेको पाइदैन । यी कार्यक्रमहरूले किन प्रभाव पार्न सकेन ? किन सबैलाई समेट्न सकेन ? यस भित्र के कस्ता मुद्दा हरू छन् ? के के समस्याहरू छन् ? अरू समुदाय र दलित समुदाय बीच शिक्षा प्रतिको अवधारणा के छ ? अवधारणामा किन अन्तर पर्‍यो ? समस्या समाधनको उपायहरू के के हुन सक्छन् ? भनी अध्ययन गर्नका लागि शोधपत्रको शीर्षक ‘ दलित महिलाको शैक्षिक अवस्था’ छनौट गरिएको छ । यस अध्ययनले निम्न प्रश्नहरुको उत्तर दिनेछ :

- दलित महिलाहरुको शैक्षिक अवस्था कस्तो छ?
- के दलित महिलाहरुकोशिक्षा प्रतिको दृष्टिकोणले बालबालिकाको शैक्षिक सहभागितामा प्रभाव पारेको छ ?
- के दलित महिलाहरुको सामाजिक, आर्थिक, सांस्कृतिक तथा बंशानुगत कारणले उनीहरूको शिक्षा को पहुँचमा असर पारेको छ ?
- कति मात्रामा दलित बालबालिकाको सिकाई क्षमता र विद्यालय वातावरण बीच

समायोजन/सहजीकरण हुन सकेको छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि शोधकार्य निश्चित उद्देश्य प्राप्तिका लागि गरिन्छ सोही अनुरुप यस शोध अध्ययनको पनि निम्न विशिष्ट उद्देश्यहरु राखेर शोधकार्य गरिएको छ ।

- दलित महिलाहरुको सामाजिक र शैक्षिक अवस्थाको वर्णन गर्नु,
- दलित महिलाहरुको सामाजिक अवस्था र शिक्षा को सम्बन्ध विश्लेषण गर्नु

## १.४ अध्ययनको महत्व

नेपालमा बसोबास गर्ने विविध जातीहरु मध्ये शुद्रं जातीमा पर्ने अछुत जातीहरु जस्तै दमाई, कामी र सार्की आदि व्यापक गरिबी र अशिक्षा ले गर्दा उनीहरुको जिवन कठोर र जड बन्दै गएको छ । आर्थिक, समय र श्रम लगानी गरेर गरिने अध्ययनको प्रतिफल (outcomes) ले समाजका सबै क्षेत्रहरूलाई सकारात्मक योगदान दिन सक्नुपर्दछ । यसबाट प्राप्त हुने प्रतिफलको औचित्य र असरहरूको समष्टि नै अध्ययनको महत्त्वबाट थाहा हुन्छ । अपेक्षित उपलब्धिहरूको प्रयोगबाट अधिक फाइदा पुग्ने कुरामा अध्ययनको महत्व र औचित्य प्रष्ट हुन्छ । यस अध्ययनका महत्त्वहरूलाई निम्नानुसार बुँदामा सूचीकृत गर्न सकिन्छ ।

- शिक्षा को राष्ट्रिय उद्देश्यअनुसार पिछडिएका समुदायलाई मूलधारमा समावेश गराउन र तिनीहरूमा भएको अन्तरनिहीत प्रतिभाको प्रष्फूटन गराई स्वावलम्बी र आत्मनिर्भर जनशक्ति उत्पादन गर्न यो अध्ययनले राष्ट्रिय नीति-निर्माताहरूलाई सहयोग गर्नेछ ।
- दलित महिलाहरुका शैक्षिक समस्यासँग सम्बन्धीत सामाजिक, आर्थिक, राजनैतिक समस्याहरू पहिचान गरी उपयुक्त निष्कर्ष निकाल्न सरोकारवाला पक्षहरूलाई सहयोग मिल्ने छ ।
- शैक्षिक पहुँच र अवसरका सम्भावनाहरूलाई लक्षित समूहका बीचमा पुऱ्याउन सहयोग गर्ने छ ।

- दलित महिलाहरुका शिक्षा प्रति सकारात्मक धारणा सिर्जना गर्ने अनुकूल वातावरण निर्माण गर्न सहयोग गर्ने छ ।
- स्थानीय, जिल्ला, क्षेत्रीय र राष्ट्रिय कार्यक्रम र योजना तर्जुमा गर्न सहयोग गर्ने छ । अन्य अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरूका लागि सन्दर्भ-सामग्री हुनेछ ।
- दलित महिलाहरुमा शिक्षा प्रतिको चेतना वृद्धि गरी विद्यालय भित्र र बाहिरका समस्याहरूकलाई समायोजन एवं समन्वय गर्न सहयोग गरी विद्यालय र समुदायको सम्बन्ध सुमधुर बनाउन सहयोग गर्ने छ ।
- भविष्यमा दलित जातीका महिलाहरुको अवस्थासँग सम्बन्धीत विषयमा सहयोग पुग्नेछ ।

## १.५ शोधपत्रको सङ्गठन

यस शोधपत्रमा विभिन्न अध्यायहरुलाई समावेस गरिने छ । अध्याय एकमा अध्ययनको परिचय राखिएको छ, यस अध्यायमा दलितहरुको शैक्षिक बारेमा परिचय, समस्याकथन, उदेश्य र सिमा उल्लेख गरिएको छ । अध्याय दुईमा सन्दर्भ साहित्यको समिक्षा उल्लेख गरिएको छ । त्यसैगरी अध्याय तीनमा अनुसन्धान विधीलाई समेटेको छ । जसमा तथ्याङ्क संकलन गर्ने विधीहरुमा अन्तरवार्ता अनुसूची, अवलोकन र केन्द्रीत समुहसँगको छलफल रहेका छन् । अध्याय चारमा अध्ययन क्षेत्रको परिचय सम्बन्धी अध्ययन गरिएको छ । अध्याय पाँचमा तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरिएको छ । जसमा सामाजिक सम्बन्धी जनसंख्या, परिवारको स्वरुप घरको किसिम, परमपरागत मान्यता, धर्म, भाषा शिक्षा रहेका छन् भने आर्थिक सम्बन्धी पेशा, कृषि, वन वित्तिय संस्था, पशुपालन, व्यवसायबाट गर्ने आम्दानी रहेका छन् । अध्याय छमा सारांश, निष्कर्ष र सुझावहरु दिइएको छ । अन्तिम त्यसपछि अध्ययनको क्रममा सहयोग लिइएका, हेरिएका, प्रयोग गरिएका सन्दर्भ सामग्रीहरूको सूची र अध्ययनसँग सम्बन्धीत अनुसूचीहरू राखिएको छ ।

# अध्याय दुई

# सन्दर्भ साहित्यको पुनरावलोकन

विभिन्न समाजशास्त्री तथा मानशास्त्रीहरुले विभिन्न जाती विशेषका सम्बन्धमा अनसन्धान गरिएको पाइन्छ । यस जातीको सम्पूर्ण पक्षलाई समेटेर प्रकाशित भएका पुस्तकहरु प्राप्त गर्न कठिन हुन्छ । यस अध्ययनका लागि मैले विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरुले प्रकाशित गरेका विभिन्न समाजशास्त्रीय अध्ययनका पुस्तक एवम् दलित जातीको बारेमा प्रकाशित पुस्तक, पत्रपत्रिका, शोधपत्र आदिको अध्ययन गरि प्रस्तुत गरेको छु ।

## २.१ सैद्धान्तिक अवधारणा

### २.१.१ महिला

महिलाहरुको विभिन्न पक्षहरुमा कुरा गर्न धेरै सिद्धान्त र वादहरुको जन्म भयो । वास्तवमा पुरुष दमन र शोषणको विरोध गर्दै महिलाले पनि पुरुष सरह अवसर उपभोग गर्न पाउनु पर्छ भनी देखा परेको आन्दोलन वा दर्शन नै महिलावाद हो (Ritzer 2000) । यिनै धेरै महिलावाद अथवा नारीवादहरु मध्ये सन् १९६० को दशकमा देखापरेको महिला आन्दोलनलाई अगाडि बढाउन सहयोग गर्ने उदारवादि नारिवाद हो । लैङ्गिक असमानता सिद्धान्तको मुख्य उदाहरण उदार नारिवाद हो । यसको मुख्य जोड युक्ति सङ्गत नैतिक संस्थाका लागी महिलाहरुले मानवीय क्षमतामा आधारित भएर पुरुषसँग समानताको दावी गर्नु पर्दछ भन्ने रहेको छ । यसका अनुसार लैङ्गिक विभेद पितृसत्ता र श्रम विभाजनको लैङ्गिक ढाँचाको परिणाम हो र लैङ्गिक समानताको लागी श्रमविभाजनलाई हस्तान्तरण गर्दै कानून, काम, परिवार, शिक्षा र संञ्चार जस्ता मुख्य संस्थाहरुलाई पुर्नसंरचना गर्नुपर्दछ । उदार नारीवादका अनुसार ‘सबै महिला र पुरुषहरु समान तरिकाले सृष्टि भएका हुन र तिनिहरुलाई खास खालका अविभाज्य अधिकारहरु तिनिहरुका सृष्टिकर्ताले प्रदान गरेको छ । तिनिहरु केहि मध्ये स्वतन्त्रता, जीवन र समृद्धि हुन् (Ritzer, 2000) ।

लैङ्गिक असमानताका तत्वहरु लैङ्गिकको सामाजिक रचना, लैङ्गिक श्रम विभाजन, र्सावजनिक र निजि क्षेत्रका मुल्य र व्यवहार र पितृसत्तात्मक विचारधारा रहेका छन् । महिलाहरुलाई

निजि क्षेत्रको उत्तरदायित्व वहन गर्ने जिम्मेवारी प्रदान गरिन्छ भने पुरुषहरुलाई र्सावजनिक क्षेत्रको कामको पहुँचमा महत्व दिइन्छ । उदार महिलावादीहरु सार्वजनिक क्षेत्रको काममा वास्तविक सम्मान हुने र पैसा, शक्ति, स्तर, स्वतन्त्रता, प्रगतिका अवसरहरु र आत्मसन्तुष्टि पनि हुने उल्लेख गर्दछन् । यसरी सम्मानपूर्ण सार्वजनिक पेशाहरुबाट महिलाहरुलाई अलग गरिएको लैङ्गिक असमानतका स्थिति सृजना भएको उदार नारीवादको तर्क छ । उदार नारीवादले महिला र पुरुष दुवैलाई आफ्नो जीवनशैली छनोट गर्ने अवसर हुनुपर्ने र यसलाई दुवैले स्विकार र सम्मान गर्नुपर्ने धारणा राखेको छ । व्यक्तिवाद, छनोट स्वतन्त्रता अवसरको स्वतन्त्रता आदि मुद्धाहरु उदार नारीवादीहरुले उठाएका छन् (आचार्य २०६७) ।

उदारवादी महिलावादका अनुसार हरेक मानवीय प्राणी बराबरी रुपमा बुद्धिमान हुन्छन् । यिनीहरुलाई समान अवसर दिएको खण्डमा महिलाले पनि पुरुष सरह समान उपलब्धी हासिल गर्दछन । असमानता मुलक र समाज कसैलाई पनि लाभदायी नहुने भएकाले सामाजिक संरचना, आर्थिक र राजनैतिक संरचना क्रमिक रुपमा परिर्वतन हुनुर्पछ । महिला र पुरुष बीचको असमानता मुलक श्रमविभाजनले महिलाहरु पीडित छन । धेरै जसो महिला असमानता र विभेदको प्रमुख कारण नै लैङ्गिक विभेद हो जसले सामाजिक संरचना र सामाजिक संस्थामा संकट ल्याएको छ । महिला पुरुष दुवैलाई समान अवसर दिएमा दुवै बराबर हुन्छन् भन्ने मान्यता राख्ने नारीवादीले सामाजिक समानताका लागि क्रान्तिको आवश्यकता भन्दापनि वर्तमान समाजलाई प्रजातान्त्रीक तरिकाबाट सुधार गर्नु र्पदछ भन्ने धारणा राख्छन् । वर्तमान समयमा देखिएको लैङ्गिक असमानताले महिलाका लागि प्रत्यक्ष प्रभाव पारेको छ । जसमा महिलाले कुनै हिचकिचाहटका साथ पुरुष सरह सबै ठाउँमा समान रुपमा सहभागि हुनुर्पछ । यसरी महिला उदारवादको प्रमुख उद्देश्य लैङ्गिक विभेदको अन्त्य गरी लैङ्गिक समानता ल्याउनु हो (AOC, 2013)।

## २.१.२ महिला र शिक्षा

महिलाहरुको शैक्षिक अवस्थाको महत्वका बारेमा लैङ्गिक दृष्टिकोण बाट अध्ययन गर्दा लैङ्गिक भेदभावको अन्त्यका लागि महिला शिक्षा मा स्तर उन्नति गर्नु आवश्यक छ । महिलाहरुको वर्तमान र भविष्यको सुनिश्चितताका लागी शिक्षा आवश्यक छ । शिक्षा मा महिलाको पहुँच नहुदा सम्म महिला सशक्तिकरण र समानता सम्भव छैन । जसका लागि आर्थिक

स्थायित्व पनि उत्तिकै जरुरी छ । त्यसकारण लैङ्गिक समानता र शिक्षा मा समान पहुँचका लागि सहभागिता मुलक शैक्षिक कार्यक्रम आवश्यक छ -शर्मा एण्ड शर्मा, २०६२) ।

एउटा नारि शिक्षित हुदा सम्रग समाज र परिवारको लागि प्रेरणादायी बनि राम्रो उत्पादन मुलक क्षेत्रमा लगानी गरी गरिबी निवारण गर्ने उल्लेख्य भूमिका खेलेको हुन्छ । एउटा शिक्षित महिला निरक्षर महिला भन्दा आफ्नो भविष्य, आफ्नो अधिकारको लागि सचेत हुने आफ्ना केटाकेटीको भविष्यका लागि सचेत हुने भएकाले महिला साक्षरता हुनु अनिवार्य हुन्छ । समाजमा देखिएका व्यापक लैङ्गिक विभेदको अन्त्य गरी समानतामुलक समाज निमार्णका लागि महिला शिक्षा ले महत्वपूर्ण भूमिका खेल्दछ,(श्रेष्ठ, २०१२) ।

शिक्षा क्षेत्रमा देखिएको असमान महिला सहभागितालाई वृद्धि गर्न र विकासका क्षेत्रमा सक्षम महिला पहुँचका लागी महिलाहरुको शैक्षिक अवस्थामा सुधार गर्न विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय नीति तथा रणनीतिहरु बनाइएका छन् । जसमा डकार कार्ययोजना सबैका लागी शिक्षा २००० मा सन् २०१५ सम्ममा सबैका लागी गुणस्तरीय शिक्षा प्राप्तिका लागी १२ वटा प्रमुख रणनीतिहरु प्रस्ताव गरेको छ र ६ वटा प्रमुख लक्ष्यहरु तोकेको छ, जसमा लैङ्गिक विशेष लक्ष्यहरु निम्नानुसार छन १."सन् २०१५ सम्ममा सबै बालबालिकाहरु विशेष गरी बालिकाहरु, कठिन परिस्थितिमा परेका बालबालिकाहरुको एवं अल्पसंख्यक बालबालिकाहरुको लागी स्तरीय एवं विश्वव्यापी प्राथमिक शिक्षा मा पहुँच बढाउने र सो पूरा गर्ने" २."सन् २०१५ सम्ममा प्रौढ साक्षरता तहमा ५० प्रतिशतले सुधार गर्ने खासगरी महिलाका निम्ति र सबै प्रौढहरुका लागी आधारभुत र निरन्तर शिक्षा मा समता मुलक पहुँच पुऱ्याउने" । ३. "सन् २००५ सम्ममा प्राथमिक र माध्यमिक शिक्षा मा रहेको लैङ्गिक असमानता हटाई सन् २०१५ सम्ममा स्तरीय आधारभुत शिक्षा को उपलब्धीमा छात्राको पूर्ण र समान पहुँच सुनिश्चित गर्न शिक्षा मा लैङ्गिक समानता प्राप्त गर्ने" लक्ष्यहरु राखेको छ ( युनेस्को सन् २००९) ।

यसैगरी संयुक्त राष्ट्रसंघको सहस्राब्दी विकास लक्ष्य २००० ले शिक्षा मा लैङ्गिक असमानता हटाउनको लागी सबै बालबालिकाहरुले प्राथमिक विद्यालयको पूर्ण शिक्षा प्राप्त गर्ने कुरा सुनिश्चित गर्ने र प्राथमिक र माध्यमिक शिक्षा बाट सके सम्म सन् २००१५ सम्म सबै तहबाट लैङ्गिक विभेद निर्मुल पार्ने लक्ष्यहरु अगाडी ल्याएको छ । शिक्षा मा विभेदका विरुद्ध

युनेस्को महासन्धी १९६० मा शिक्षा मा विभेद विश्वव्यापी मानव अधिकार घोषणापत्रमा प्रतिपादित गरिएको अधिकारहरुको हनन् हो । महासन्धी शिक्षा क्षेत्रमा अर्न्तराष्ट्रिय कानूनमा बन्धनकारी शक्ति प्राप्त गर्न पहिलो अर्न्तराष्ट्रिय उपकरण हो । यसको उद्देश्य शिक्षा मा विभेदको निराकरण गर्न मात्र हैन् अवसरहरु र व्यवहारको समानतालाई प्रवर्द्धन गर्ने उपायहरु अपनाउनु पनि हो भनि उल्लेख गरिएको छ (युनेस्को २००९) ।

विश्वव्यापी रुपमा महिला विकासका अब्बल कार्यक्रमहरु ल्याइएता पनि नेपालमा त्यसले त्यति सफलता प्राप्त गरेको भने देखिदैन । सन् १९९५ मा भएको चौथो विश्व महिला सम्मेलन बेइजिङ्ग घोषणपत्रले पारित गरेका महिला चासोका १२ बुदाँहरु मध्ये महिलाको लागी शिक्षा र तालिम पनि एक हो । यो कार्ययोजनाका लागी मञ्च महिलाहरुको सशक्तिकरणका लागी एजेण्डा हो । यसले सार्वजनिक र व्यक्तिगत जीवनका सबै अगंहरुमा आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक निर्णय प्रक्रियामा पूर्ण र बराबर हिस्साका माध्यमले महिलाहरुको सक्रिय सहभागिताका बाधाहरु हटाउन खोज्दछ (UN 1995)

## २.१.३ महिला शिक्षा सँग सम्बन्धित नीति तथा रणनीतिहरु

- बीर शमशेरका पालमा १९४५ मा भारतबाट आएकी गंगाबाइ नमकी महिलाबाट नेपालमा सर्वप्रथम महिलाहरुले पनि पढ्न हुन्छ भन्ने अवधारण Basic Primary Education को शुरुआत
- १९५८ बैसाख ३० बाट उपत्यकामा ३ वटा महिला पाठशाला खुलेका थिए । पछि चन्द्रशमशेरले बन्द गराएका थिए ।
- १९८० असार २२ गतेका दिनमा ढोकाटोलमा कन्या पाठशाला खोलिएको
- १९९० सो एसएलसी परीक्षामा एकजना सविना कुमारी दवीले परीक्षा फारम भरेर एस.एलसीमा परीक्षा नदिएकी
- २००४ सालमा छात्रामा त्रिचन्द्र कलेजमा ४ जना छात्र भर्ना भएका
- २००३ सालको एसएलसी परीक्षमा सर्वप्रथम ब्रह्म शमशेरकी छोरी लेख राज्य लक्ष्मीले पहिलो पटक एसएलसी परीक्षा पास गरेकी थिइन
- सहशिक्षाका लागि प्रथम विद्यालय शान्ति निकुञ्ज खुलेको थियो

- २००८ आश्विन १७ मा महिलाहरुको उच्च शिक्षाका लागि पद्मम कन्या कलेजको स्थापना
- २००८ सालमा नारी विद्ययापीठ खुलेको
- २०२७ मा युनिसेफको सहयोगमा महिलाहरुको शिक्षामा समान अवसरका लागि महिला शिक्षा सञ्चालन भएको पाइन्छ । यस कार्यक्रममा:

  क) शिक्षक प्रशिक्षणख) शैक्षिकस्तर बृद्धि ग) स्थानीय विद्ययालय छात्रबृति

  घ) विद्ययालय नजाने छात्राहरुको लागि आँशिक प्राथमिक तहको शिक्षा

  ङ) प्राथमिक तहमा छात्राहरुको पढाइ नछाड्नु भन्ने अभिप्रायले अर्थिक सहुलियत प्रदान गरिएको ।
- महिला शिक्षा परियाृजनाले शिक्षक प्रशिक्षण कार्यक्रम अन्तर्गत २०२८ सालमा पृथ्वी नारायण क्याम्पसबाट सर्वप्रथम शूरु गरिएको हो ।
- २०३० सालमा धनकुटा २०३३ सालमा नेपालगञ्ज र २०६३ सालमा जुम्लामा पनि महिला शिक्षाको कार्यक्रम सञ्चालन भएको थियो ।
- यस परियोजनाले एसएलसी पास गरेका महिलालाई ए लेभल र दश कक्षा सम्म पढेका महिलालाई विलेभल तालिम सञ्चालन गरेको । प्राथमिक तह भन्दा माथिको शिक्षा हाँसिल गर्न नपाएका दुर्गम क्षेत्रका पिछडिएका वर्गका छात्राहरुलाई कोटाको आधारमा कक्षा १० सम्म फिडर छात्रावासमा बसी एक वर्ष सम्मको अध्ययन पश्चात एक वर्षको वीलेभल तालिम उपलब्ध गराउने व्यवस्था
- फिडर छात्रावास मकवानपुर, सुर्खेत डोटी, जुम्ला वाग्लुङ धनकुटा रहेका थिए
- २०४० सालमा महिला शिक्षा परियोजना शिक्षा मन्त्रालयमा स्थापना २०४८ सालमा यसले ५७ वटा जिल्लामा कार्यक्रम सञ्चालन गरेको
- २० वटा महिला छात्रावास हालसम्म पनि सञ्चालनमा रहेको
- २०४९ मा शिक्षा मन्त्रालयमा महिला शिक्षा शाखाको स्थापना
- नेपालमा सर्वप्रथम महिला आयोगको २०५८ फागुन २३ गते स्थापना गरिएको ।

- २०५७/०५८ ओटै जिल्लामा महिला विकास शाखाको स्थापना भएको ।
- राष्ट्रिय महिला आयोग ऐन-२०६३

**अन्य ऐन नियमहरु**

- नेपाल महिला सङ्गठनको स्थापना २००४ सालमा भएको
- नेपालमा महिला विकास शाखाको स्थपना २०३८ मा भएको
- निजामती सेवा ऐनमा महिला कर्मचारीको प्रवेशमा उमेरको हद ४० वर्षरहेको
- जीउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन २०४३ सालमा
- मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन-२०६४
- बालबालिका सम्बन्धी ऐन-२०४८
- गाली वेइज्जती ऐन-२०१६
- छैटौ आवधिक योजनादेखी महिला विकासलाई स्थान दिन थालिएको ।
- घरेलु हिंसा (कसुर र सजाय) ऐन- २०६६
- सार्वजनिक अपराध र सजाय ऐन- २०२६
- प्रमाण ऐन- २०६१
- सरकारी मुद्दा सम्बन्धी ऐन-२०४९
- पुनरावेदन अदालत नियमावली २०४८
- २०६३ सालको अन्तरिम संविधानमा सर्वप्रथम महिला हकको व्यवस्था गरिएको थियो ।
- मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५
- घरेलु हिंसा (असुर तथा सजाय) नियमावली २०६ठ
- लैङ्गिक भूलप्रवाहीकरण गर्ने
- सबै प्रकारका लैङ्गिक असमानता, लैङ्गिकतामा आधारित विभेद र हिंसाको अन्त्य गर्न
- महिला सशक्तिकरण गर्ने ।

**शिक्षामा महिला**

- साक्षरता लैङ्गिक समनता सुचाङ्क ०.९
- प्राथमिक र निमावि तहमा छात्राको प्रतिशत ५०
- माध्यमिक तहमा छात्रा प्रतिशत ४८
- लक्षित वर्ग विशेष गरी महिला, लगायतका समूह केन्द्रित साक्षरता, साक्षरोत्तर, आयमूलक र जीवनोपयोगी अनौपचारिक शिक्षालाई अभियानका रुपमा सञ्चालन गर्ने रणनीति
- कार्यक्रमको कार्यान्वयनमा समावेशीकरणलाई साझा नीतिका रुपमा लिने शिक्षामा लैङ्गिक समता हासिल गर्न लैङ्गिक मूलप्रवाहीकरण हुने गरी शैक्षिक कार्यक्रमहरु तय गर्ने ।
- विद्यालय सञ्चालन तथा व्यवस्थापनमा महिला, वर्गको सहभागितामा विशेष ध्यान दिइ शिक्षकहरु आपूर्ति गर्ने व्यवस्थाको विकास गरिने ।
- शिक्षामा महिलाको पहँच बढाउन विद्यार्थी भर्नाका आधारमा छात्रवृति र अरु सहुलियत दिने र यस्ता सुविधाका अतिरिक्त उच्च शिक्षामा शैक्षिक ऋणको समेत व्यवस्था गर्ने ।
- आधारभूत तहका ३१,८०,००० विद्यार्थीका (दुई तिहाइ छात्रा ) लागि प्रति वर्ष रु १७०० छात्रवृति दिने ।
- सामुदायिक निम्न माध्यमिक तथा माध्यमिक विद्यालयहरुमा अध्ययनरत १४२८२ अर्थात सम्पूर्ण छात्राहरुको लागि प्रति छात्रा मासिक रु. १५० का दरले १० महिनाको छात्रवृति प्रदान गर्ने ।
- सामुदायिक विद्यालयमा कक्षा ११ र १२ अध्ययनरत छात्राहरुमध्ये जेहेन्दार २० प्रतिशत, दलित २० प्रतिशत, अपाङ्ग २० प्रतिशत, पिछडिएका जनजाति २० प्रतिशत र आर्थिक रुपमा कमजोर वर्ग २० प्रतिशत पर्ने गरी बढीमा ९६०० छात्राका लागि छात्रवृति प्रदान गर्ने ।
- १२,६०० छात्राको लागि उच्च शिक्षा अधययनका निम्ति छात्रवृति प्रदान गर्ने ।

**बाह्रौं त्रिवर्षिय योजना** (आर्थिक वर्ष २०६७/६८-२०६९/७०)

- शिक्षामा महिलाको पहुँच सुनिश्चित गर्न राष्ट्रिय र स्थानीय तहमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने उल्लेख
- यस योजनाले अघिल्ला योजनाले दिएका महिला छात्राहरुलार्य दिइदै आएका छात्रत्रवृतिहरुको निरन्तरता र लैङ्गिक समानता तथा महिला सशक्तिकरणका कार्यक्रमहरुमा जोड दिएको पाइन्छ । शिक्षामा महिलाका अन्य कार्यक्रमहरु रहेका छैनन् ।

**तेह्रौ योजना** (२०७०/७१-२०७२/७३)

- ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर ६५.९ प्रतिशत रहेकोमा महिालको प्रतिशत ५७.४
- समुदायिक विद्यालयमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा महिला शिक्षकको प्रतिशत क्रमशः ३७.५ प्रतिशत, २०.१ प्रतिशत र १३.१ प्रतिशत पुगेको छ ।
- सबै तहको शिक्षामा महिला लगायत लक्षित समुदायको पहुँच सुनिश्चित गर्न आरक्षण, छात्रवृति लगायत विकल्पहरुको विसतार गरिनेछ ।
- शिक्षामा समतामूलक र समावेशी पहुँच विस्तारका लागि लक्षित समूहका विद्यार्थीलाई छात्रवृति, छात्रावास, आवासीय शिक्षा, अनुदान र निःशुल्क पाठ्यपुस्तक वितरणजस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**नेपालको संविधान संक्षिप्तमा**

उल्लेखित ७ वटा सम्विधानमा गरिएको शिक्षा सम्बन्धी व्यवस्था संक्षिप्तमा

१) नेपाल सरकार वैधानिक कानून २००४ को भाग २ को धारा ४ मा अनिवार्य

निशुल्क प्रारम्भिक शिक्षा मौलिक हकमा उल्लेख गरिएको छ ।

२) नेपालको अन्तरिम शासन विधान २००७ को भाग २ को राज्यका निर्देशक सिद्धान्तमा निर्वल वर्गका लागि शिक्षा र आर्थिक हित बडाउने छ भनिएको मौलिक हकको व्यवस्था गरिएको पाइदैन ।

३) नेपाल अधिराज्यको संविधान २०१५ स मौलिक हक को उल्लेख नगरिउको र अन्य धाराहरुमा पनि शिक्षाको व्यवस्था उल्लेख गरेको पाइदैन

४) **नेपालको संविधान २०१९** : यस संविधानले धारा १० देखि १६ सम्म ७ वटा मौलिक हकको व्यवस्था गरेपनि शिक्षा सम्बनधी कुनै कुरा उल्लेख गरिएको छैन ।

५) **नेपालको संविधान २०४७** : भाग ३ को धारा १८ मा संस्कृति तथा शिक्षा सम्बन्धी हकको व्यवस्था गरिएको । उपधारा १) मा नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने अधिकार हुने छ ।

उपधारा २ मा प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउनेछ ।

६) **नेपालको अन्तरिम संविधान २०६३** : भाग ३

मौलिक हकको धारा १७ ले शिक्षा तथा संस्कृति सम्बन्धी हकको व्यवस्था गरेको छ । शिक्षा सम्बन्धी ३ ओटा विषयलार्य यसले उल्लेख गरेको  छ ।

उपधारा १ मा प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षापाउने हक हने छ ।

उपधारा २ मा प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भएबमोजिम माधमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुने छ ।

उपधारा ३ मा नेपालमा बसोवास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति , सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक हुने छ ।

**नेपालको संविधान २०७२**

**धारा ३८. महिलाको हक**

यसै धाराको उपधारा ५ मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र समाजिकक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

धारा ३९ मा बालबालिकाको हक रहेको र यस धारामा पनि बालबालिकाको शिक्षा सम्बन्धमा उल्लेख भएको छ जो निम्नानुसार रहेको छ स उपधारा २ मा प्रत्येक बालबालिकालार्य परिवार तथा राज्यबाट शिषा, स्वास्थ्य, पालन पोषण, उचित स्हार , खेलकुद, मनोरञ्जन तथा सवाँगीन व्यक्तित्व विकासको हक हुनेछ भनिउको छ भने उपधारा ३ मा प्रत्येक बालबालिवकालाई प्रारम्भीक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ भनिएको छ यसै गरी उपधारा ७ मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य

जुनसुकै सथान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन । भन्ने उल्लेख गरिएको छ ।

यस धारामा उल्लेख गरिए विपरीतका कार्य कानून बमोजिम दण्डनिय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपुर्ति पाउने हक हुनेछ भन्ने समेत उल्लेख भएबाट कानूनी सुनिश्चितता पनि गरिएको छ ।

**धारा ४० मा दलितको हक**

यस धाराको उपधारा २ ले दलित विद्यार्थीलाई प्राथमिकदेखी उच्च शिक्षा सम्म कानून बमोजिम छात्रवृति सहित शुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

**शिक्षक सेवा आयोग नियमावली २०५७ को दफा ११**

शिक्षक सेवा आयोग नियमावली २०५७ को दफा ११ को (क) अनुसार शिक्षक सेवा आयोगलाई समावेशी बनाउन महिलालाई ३३ प्रतिशत र दलितलाई ९ प्रतिशत आरक्षणको व्यवस्था गरेको छ जसमध्ये महिला ३३ प्रतिशतबाट मुस्लिम समुदायका महिलालाई २ प्रतिशत, दलित समुदायका महिलालाई ३ प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ ।

## २.२ पूर्वकार्यको समिक्षा

हिन्दु वर्णव्यवस्था अनुसार दलितहरु जातिय विभेदको सिकार भएका छन् । यिनिहरु सामाजिक, सांस्कृतिक, आर्थिक, रोजगारीको अधिकार, शिक्षा बाट वहिस्कृत भएका छन् । व्यक्तिगत र सामाजिक रुपमा बहिस्कृत रहेका छन् । सरकारीक्षेत्र र संघसंस्थाहरुमा कम पहुँच रहेको छ । यिनिहरुलाई सामाजिक सांस्कृतिक, आर्थिक, राजनितिक क्षेत्रमा पहुँच बढाउने र आर्थिक र सामाजिक फाइदा र विकासका लागि राजनितिक शक्तिको विभेद रहित प्रयोग गर्नु पर्दछ । यिनिहरुलाई आर्थिक क्रियाकलापमा मौका दिने, स्रोत र साधन उपलब्ध गराउने, सामाजिक हिंसा, क्षमता, ज्ञान सिप र सूचनामा यिनिहरुको पहुँच पुऱ्याउने (किसान, २००९) ।

तल्ला जातका महिलाहरुको तुलनात्मक रुपमा कम सामाजिक इज्जत रहेको छ । अशुद्धताको स्थिति तल्लो जातमा बढी भएको र लैङ्गिक स्तरिकणमा झन पछि परेका

छन् । सम्पत्ति माथिको पहुँच भएकोले लैङ्गिक भूमिकामा यसले महिला हरुलाई झन कमजोर बनाएको छ । दमाइ, सार्की, वादी, लुहार जातका महिलाहरु सिलाउने, बुट्टा भर्ने कार्यमा सहभागि भई आफ्ना पुरुष हरुलाई सहयोगीको भूमिका निर्वाह गर्दछन् । हिन्दु वर्ण व्यवस्था अनुसार जातीय विभेदले ठूलो जरा गाडेको छ । यिनिहरु भूमी, स्रोत र साधन व्यवस्थापनबाट बहिस्कृत रहेका छन् तर जातीय पेशामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा समावेश भएका छन् । जातीय विभेदले आर्थिक रुपमा सिमान्तकृत भएको इतिहास छ । दैनिक जिवनमा राजनीतिक, आर्थिक सामाजिक रुपमा विभेद रहेको पाइन्छ ( राई, २००९) ।

विभिन्न देश, समाज, धर्म, जाती, जनजाती अनुसार लैङ्गिक विश्लेषण हुन आवश्यक छ । किनभने विभिन्न देश समाज,जाती अनुसार नारी पुरुष सम्बन्ध फरक-फरक हुने गर्दछ । हाम्रो समाजमा महिलाहरुको सबै जातीमा आयाको रुपमा महिलाहरुको उच्च मूल्य भएता पनि महिलाहरुको रुपमा उनिहरुको भूमिका भने समुदाय पिच्छे व्यापकर फरक पाइन्छ । जहाँ सम्म हिन्छु धर्मका उच्च जातका रुपमा मात्र आफ्नो सामाजिक हैसियत स्थापना गर्न सक्दछन् । तर भोट वर्मेली भाषा बोल्ने परिवारमा भने विवाह नगरी पनि श्रीमतीका रुपमा सामाजिक हैसियत प्राप्त गर्न अन्य उपायहरु अवलम्बन गर्न सक्ने स्थिति देखिन्छ ।

विश्वका महिला पुरुष सरह समानता र सशक्तिकरणका लागि अत्यन्त सक्रिय रुपले अगाडि बढेका छन् । यो क्रम नेपाली महिलामा पनि पछाडि परेको छैनन् । सामाजिक शोषण र लैङ्गिक विभेदबाट मुक्त हुन निरन्तर सङ्घर्ष गरेपनि उनिहरुले सफलता पाएका छैन । अकोएतिर कुल नेपाली महिलाहरु मध्ये एक चौथाई दलित महिला समानताका आन्दोलनकारी महिलाहरुबाट नै जीवनका हरेक क्षेत्रमा शोषित र पीडीत हुन पुगेका छन् । महिला आधिकारको लागी गठन भएका महिला समूहहरुमा पनि दलित जातीको सहभागिता शुन्य भएको पाइन्छ (सोव, २०५८) ।

के. सी. (२०६६) ले दैलेख जिल्लाको जगनाथ गाविसमा वसोवास गर्ने दमाई (दलित) जातीको शिक्षा मा पहुंचः एक समाजशास्त्रीय अध्ययन शिर्षकमा अध्ययन गरेका छन् । यस अनुसन्धानको उदेश्य चल दैलेख जिल्ला जगनाथ गाविसमा बसोबास गर्ने दमाई ( दलित) जातीको वालवालिकाहरुको शिक्षा मा पहुंचको पहिचान गर्नु र दमाईहरुको सामाजिक आर्थिक अवस्थाको पहिचान गर्नु रहेको थियो । विभिन्न सरकारी सहयोगका बाबजुद पनि अन्य

जातीको तुलनामा दमाई जातीमा शिक्षा मा पहुँच न्यून रहेको देखियो । कमजोर आर्थिक अवस्थाबाट सिर्जित समस्याहरु, सामाजिक भेदभावयुक्त संस्कार, दमाईहरुको न्यून शैक्षिक चेतनास्तर, दलित प्रतिको नकारात्मक सामाजिक दृष्टिकोण, उनीहरुको श्रम र सीपले उचित मुल्य नपाउनुका साथै वर्तमान शिक्षा  पद्धतिबाट उपेक्षित रहेका कारण दमाई जातीका शिक्षा को मुख्य अवरोधका रुपमा देखिन्छन् ।  दमाईहरुको जीवनस्तर उकास्न उनीहरुको सीप अभिबृद्धि गर्न प्रशिक्षण वा आयआर्जन कार्यक्रमलाई शिक्षा को अंग बनाउनु पर्दछ । व्यवसायिक शिक्षा को विकास गरी शिक्षा  प्रति आकर्षण बढाउन सकिने स्थिति पाइयो । विशेष गरी दलित सीप र प्रविधिलाई विद्यालयले विकास गराउने प्रकृतिको शिक्षा को खाँचो उनीहरुले महसुस गरेको पाइयो ।  दमाईहरु शिक्षा मा मात्र पछाडी नभई सामाजिक, राजनीतिक लगायतका विभिन्न क्षेत्रमा पछाडी परेको देखिन्छ तसर्थ मार्क्सवादीले भने झै दलितहरुलाई साँच्चिकै सामाजिक समानताको खाँचो रहेछ । जसका लागि राज्यको नीतिनिर्माणको तहसम्म उनीहरुको उचित प्रतिनिधित्व गराई उनीहरुकै आवश्यकता अनुकुलको शैक्षिक पद्धतिको विकास गर्नुपर्ने आवश्यकता देखिन्छ ।

पौडेल (२०६८) ले “महिलाहरुको शैक्षिक अवस्था नवलपरासी जिल्ला, पंचनगर गा.वि.स. वार्ड नं. २ को एक समाजशास्त्रीय अध्ययन गरेकी छिन् । यस अध्ययनको सामान्य उद्देश्य नवलपरासी जिल्लाको पंचनगर गा.वि.स.का महिलाहरुको शैक्षिक स्थितिका बारेमा जानकारी लिनु रहेको थियो । यस शोध पत्रमा विशेष गरी पञ्चनगर २ छनोट गरीएको छ जसमा ३६० घरधुरी मध्ये सम्भाव्य नमुना छनोट विधिद्धारा ५४ महिला उत्तरदाता छनोट गरी प्राथमिक श्रोतका आधारमा तथ्याङ्क संलन गरिएको छ । यस अध्ययनमा आवश्यक तथ्यांक प्राथमिक श्रोत घरधुरी सर्वेक्षण, अन्तर्वाता, वैयक्तिक अध्ययन द्धारा र द्धितिय स्रोत विभिन्न लेख, अध्ययन प्रतिवेदन, पुस्तकालय अध्ययन र अन्य रिर्पोटहरु द्धारा तथ्याङ्क संकलन गरीएको छ । जसमा प्राप्त गुणात्मक र संख्यात्मक जस्ता विभिन्न प्रकृतिका तथ्याङ्कलाई व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यी विभिन्न अध्ययन विधिका आधारमा यस गा.वि.स. का महिलाको शैक्षिक अवस्था र महिला शिक्षा मा प्रभाव पार्ने तत्वका बारेमा अध्ययन गरिएको छ । यस अधययन क्षेत्रका निरक्षर महिलामा आफु भित्र नै हिनताबोध रहेको पनि पाइयो, जसमा उनीहरु आफुमा आत्मविश्वास नहुनुको प्रमुख कारण शिक्षित नहुनु हो भन्ने कुरालाई स्वीकार गर्दछन । ग्रामिण स्तरमा हुने विभिन्न क्रियाकलाप र गतिविधिमा सहभागी हुन नपाउने र अन्य विभिन्न निणार्यक प्रक्रियामा पनि सहभागि हुन

नसकेको पाइयो । हरेक क्षेत्रमा जस्तै आयमलुक कार्यमा पनि महिलालाई समान रुपमा सहभागी गराउन नसक्दा महिलाहरु आयमुलक कार्यबाट पछि पर्ने र आयमुलक कार्यमा पछि पर्नु भनेको उनीहरुको मानसिक विकास पनि स्वभाविक रुपमा पछि हुने भन्ने जस्ता सचेतना छैन भने यसै गरी यस क्षेत्रका महिलाहरु घरायसी काम देखि समुदाय स्तर सम्ममा पनि निर्णाक प्रक्रियामा कमसहभागी रहेको पाइयो ।

**आत्रेय** (२०६८) को शोधको मुख्य उद्देश्य हर्दिनेटा गा.वि.स वडा नं. १,२ र ३ मा बसोबास गर्ने सार्की जातिका महिलाको शैक्षिक अवस्थाको यथार्थ अध्ययन गर्नु रहेको थियो । नेपालमा छरिएर रहेका अनेकौ जातजातिको आफ्ना-आफ्नै सामाजिक तथा आर्थिक अवस्था विद्यमान रहेकोमा यस क्षेत्रका सार्कीहरुले पनि यस्तै आफ्नोपनको परिचय दिइरहेका छन् । यस अध्ययनको शिलशिलमा २०६७ पुस/माघ महिनामा स्थलगत सर्वेक्षण गर्ने कार्य गरी सार्की समुदायसँग सम्बन्धित विभिन्न तथ्याङ्क संकलन गर्दा प्राथमिक विधि अर्न्तगत अवलोकन, प्रश्नसूची द्वारा अन्तरवार्ता, व्यक्तिगत अध्ययन र द्वितिय तथ्यांक संकलन विधि अर्न्तगत गा.वि.स.ले गरेको विभिन्न सर्भेक्षण, विद्यालयको शैक्षिक विवरण, विभिन्न विद्वानबाट प्रकाशित पुस्तक, लेख रचना, जस्ता सामाग्री प्रयोग गरियो । तथ्यांकको अनुसन्धानको उद्देश्य अनुरुप उनीहरुको शैक्षिक पक्षका विभिन्न तह हरुका सम्बन्धमा अध्ययन गरियो ।

अध्ययन क्षेत्रका सार्की महिलाहरु १८ देखि ६० वर्ष सम्म उमेर भएका छन । अध्ययन क्षेत्रका सार्की समुदायले परम्परागत पेशा (छालाको काम) छोडी कृषि कार्य, पशुपालन तथा ज्याला मजदुरीमा रहेको पाइन्छ । आफ्नो खेतबारीमा कृषि कार्य गरी ४८ प्रतिशतलाई छ महिना खान पुग्ने देखियो । २४ प्रतिशतलाई १ वर्ष खान पुग्ने देखियो । १६ प्रतिशतलाई ३ महिना खान पुग्ने देखियो । १० प्रतिशतलाई १ महिना खान पुग्ने देखिनुका साथै २ प्रतिशतको खेती नभएको पाइयो । सार्की पुरुषहरुको तुलनामा सार्की महिलाहरु नै कृषि क्षेत्रमा बढी लाग्ने गरेको पाइयो । जसको कारण पुरुषहरु विभिन्न रोजगारीको शिलशिलामा बाहिर जानुले गर्दा हो । यस समाजमा छुवाछुतमा केही परिवर्तन आए पनि यो धारणा पूर्ण रुपमा नहटेको जानकारी आयो । बिरामी पर्दा अस्पताल जानु पर्दछ भन्नेको संख्या ८६ प्रतिशतको रहेपनि यीनीहरुले धामिझाक्रिमा विश्वास गरेको पाइयो । अध्ययन स्थलका सार्की समुदायको शैक्षिक स्थितिमा ७.१७ प्रतिशत निरक्षर, १३ प्रतिशत साक्षर, ३७.६६

प्रतिशत प्रा.वि., ३१.३९ प्रतिशत नि.मा.वि., ६.७२ प्रतिशत मा.वि., १.३४ प्रतिशत उच्च मा.वि. र २.६९ प्रतिशत बाल कक्षामा अध्ययन गरेको पाइयो । यस क्षेत्रका सार्की महिलाहरु विशेष गरि शिक्षाको सुनौलो अवसरबाट बञ्चित नै देखिन्छन् । अहिलेको समयमा चाहि आफ्ना नानीहरुलाई विद्यालय पठाउनु पर्दछ भन्ने केही चेतना भएको पाइन्छ । प्राय गरेर प्रौढ अवस्थाका सार्की महिलाहरु निरक्षर छन । जो कृषि तथा मजदुरी पेशामा लागेको पाइन्छ । शिक्षीत महिला पनि कृषि तथा मजदुरी पेशामा नै लागेको पाइयो । अशिक्षा तथा चेतनाको कमीले गर्दा नै यहाँका सार्की महिलाहरु आय मुलक काममा लागेको पाइएन । जसले गर्दा यस क्षेत्रका सार्की महिलाहरुको आर्थिक अवस्था कमजोर देखिन्छ । शिक्षीत महिलाहरुले नै आफ्नो परिवारलाई सु- मार्गमा लैजान सहयोग गर्दछ भन्ने कुरा त्यस क्षेत्रका दलित महिला वर्गले केही हद सम्म बुझेको र शिक्षालाई महत्व दिन थालेको पाइन्छ । जसको फलस्वरुप उनीहरुले आफ्ना छोरा छोरीलाई घरमा नराखी पढ्न पठाएका छन।

# अध्याय तीन

# अनुसन्धान विधि

अध्ययनलाई व्यवस्थित रुपले अगाडि बढाउन र अध्ययनका उद्देश्यहरूलाई पूरा गर्नका लागि अध्ययनको निश्चित विधि, प्रक्रिया र मानियतालाई अवलम्बन गर्नुपर्दछ । यही विधिको सीमा भित्र रही अध्ययन गर्दा सरल र सान्दर्भिक हुन्छ । अध्ययनलाई श्रृङ्खलाबद्ध रूपमा अगाडि बढाउन सकिन्छ । यस अध्ययनमा अनुसन्धान विधि लाई निम्नानुसार संगठित गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्रको छनौट

अध्ययन क्षेत्र कैलाली जिल्लाको अत्तरिया नगरपालिका वडा नं. २ लाई छानिएको छ । अध्ययन क्षेत्र छनोट गर्नुका कारणहरु निम्न छन् ।

क) दलित महिलाहरुको शैक्षिक क्षेत्रमा खासै ठूलो परिवर्तन नभएकाले उनिहरुको शैक्षिक अवस्थाको आंकलन गर्नु ।

ख) शोधकर्ता यस वडामा स्थाई बसोबास गर्न भएकाले प्रत्यक्ष अवलोकन विधिद्वारा तथ्याङ्क सङ्कलन गर्न सजिलो हुने हुने भएकोले ।

### ३.२ अनुसन्धानको ढाँचा

अनुसन्धान गर्दा वर्णनात्मक तथा विश्लेषणात्मक दुवै खाले ढाँचाको प्रयोग गरिने छ । अध्ययन क्षेत्रको बारेमा गुणात्मक तथ्यहरुको सङ्कलनमा वर्णात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

### ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितिय दुवै खालका स्रोतहरुबाट तथ्याङ्क तथा सुचनाहरु लिइएको छ । दलित महिलाहरुको सामाजिक अवस्था बुझ्न र उनिहरुको परिवार र छरछिमेकीहरु सँगको सम्बन्ध तथा स्वयम् लक्षित व्यक्तिहरु, सामाजिक अगुवाहरु सँग

प्रत्यक्ष अन्तरक्रिया गरी प्राथमिक दर्जाका सुचनाहरु सङ्कलन गरिएको छ । त्यस्तै द्वितिय स्रोतमा विभिन्न पुस्तक, पत्रपत्रिका, यस अघि भएका खोज अनुसन्धान, लेख रचनाबाट लिइएको छ ।

### ३.४ नमूना छनोट

कैलाली जिल्लाको अत्तरिया नगरपालिका वडा नं. २ मा २९६ दलित परिवार बसोबास गर्दछन् । नुमना छनोटका विधिहरु मध्ये Random Sampling विधि नै पक्षपात रहित भएकाले २९६ घरधुरीका महिला परिवार प्रमुखको नाम लेखेर तिनलाई दुई समूहमा विभाजन गरी १ र २ अङ्क प्रदानगरी गोला प्रथा अर्थात चिठ्ठा विधि द्वारा अङ्क १ बाट ३५ जना र अङ्क २ बाट ३५ गरी जम्मा ७० जना महिलाहरुलाई नमुनाका रुपमा छनोट गरी समावेश गरिएको छ । जसमा ७ वर्ष देखी ७०  वर्ष भित्रका महिलाहरुलाई नमुना छनोट गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन विधि

यस शोधको क्रममा प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्कहरु सङ्कलन गर्न निम्न प्रविधिहरु प्रयोग गरिएको छ ।

#### ३.५.१ अन्तवार्ता अनुसूची

अन्तरवार्ता सूचीको सहायताद्वारा नमुना छनोट मा परेका महिला प्रमुखसँग र सो महिलाहरुसँग प्रश्न सोधी उत्तर सङ्कलन गरिएको छ । दलित महिलाहरुको शैक्षिक अवस्था तथा घर भित्र र घर बाहिरको कार्यमा महिलाको सहभागिताका बारेमा विस्तृत विवरण सङ्कलन गर्न प्रश्नहरु समावेश गरी तयार पारिएको छ । यसमा शिक्षा , आर्थिक क्रियाकलाप, घरेलु कार्य विभाजन र पेशा जस्ता पक्षहरु समेटेर अन्तरवार्ता लिइएको छ ।

### ३.५.२ अवलोकन

अत्तरिया नगरपालिका वडा नं. २ का दलित महिलाहरुको शैक्षिक गतिविधिहरुका बारेमा अनुभव गरी प्रत्यक्ष रुपमा उनिहरुको शैक्षिक अवस्था बुझ्नका लागि यो पद्धति अपनाइएको छ ।

### ३.५.३ समूहसँगको छलफल

सामाजिक घटनाका बारेमा अध्ययन गर्दा अन्तरवार्ता अनुसूची, अलोकन तरिकाबाट सूचना तथा तथ्याङ्कहरु लिएपनि उत्तरदाताहरु सम्मिलित गराएर उनीहरुको आपसी अन्तरक्रिया, अध्ययनबाट निचोडको रुपमा आएको तथ्य बढी भरपर्दो तथा विश्वसनिय र गुणस्तरिय हुने भएकाले समूहमा बहस गर्न सकिने प्रश्नहरुमा केन्द्रित रहेर एक सामुहिक छलफल गरी तथ्याङ्कहरु छलफल गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

यस शोधमा दलितमहिलाहरुको शैक्षिक अध्ययनका लागि सङ्कलित तथ्याङ्कहरुको आधारमा विश्लेषण तथा वर्गिकरण गर्दा सङ्ख्यात्मक तथ्याङ्कलाई योग निकाली गल्ती हटाउनका लागि आवश्यक उपयुक्त तरिकाहरु बनाई तथ्याङ्क विश्लेषण गरिएको छ । त्यस्तै गुणात्मक तथ्यहरुको प्रस्तुती विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

जुनसुकै अध्ययन/अनुसन्धानको कार्यलाई निश्चित क्षेत्र निर्धारण गरी अध्ययन गरिने हुन्छ । त्यसैले अध्ययनलाई सरल, सहज र प्रभावकारी बनाउन अनुसन्धानकर्ताले अध्ययनको विषयमा सीमा निर्धारण गर्नुपर्दछ । यसको निम्ति अध्ययन कार्यको थालनी गर्नुभन्दा अगाडी नै सीमा निर्धारण गर्नुपर्दछ । यस अध्ययनको सीमाहरु निम्न छन् :

- यस अध्ययनले कैलाली जिल्ला  अत्तरिया न.पा..२ लाई मात्र समेटिएको छ ।
- यो अध्ययन दलित महिलाहरुको शैक्षिक अवस्थामा सीमित रहेको छ ।

- ७० जना दलित महिलामा मात्र सीमित गरिएको छ ।
- यो अध्ययन प्राथमिक तथा द्धितिय तथ्याङ्कमा सीमित गरिएको छ ।
- यो अध्ययनले अन्य क्षेत्रको महिलाहरुको सामाजिक तथा शैक्षिक अवस्थालाई प्रतिनिधित्व नगर्न पनि सक्छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ कैलाली जिल्लाको संक्षिप्त परिचय

कैलाली जिल्ला नेपालको सूदुरपश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चलमा अवस्थित समथर भु भाग र पहाड मिश्रित जिल्ला हो । यो जिल्लामा ४० प्रतिशत चुरे पहाडी र ६० प्रतिशत समथर भूभाग रहेको छ । कैलाली जिल्लामा जम्मा ३९ वटा गा.वि.स हरु रहेका छन् । जसमध्ये ७ गा.वि.स चुरे पहाडी क्षेत्रमा पर्दछन् भने ३२ वटा गा.वि.स तराईको समथर भुभागमा पर्दछन् । कैलाली समुन्द्री सतहदेखी १९७० मिटरको उचाई सम्म रहेको छ । यस जिल्लाको समुन्द्री सतह देखिको सबै भन्दा होचो भाग १०९ मिटर रहेको छ । भने सबै भन्दा अग्लो भाग १९०७० मिटरमा रहेको छ । अन्न उत्पादनको दृष्टिले यो जिल्ला नेपाल अधिराज्यमै प्रसिद्ध रहेको छ । मालाखेती, वौनिया, राजिपुर, मणिपुर, लोहारपुर, दरख, जोशिपुर, मनुवा, सत्ति, भजनि सबैभन्दा बढी अन्न उत्पादन हुने ठाँउहरु हुन् । २०६८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या ७७५७०९ रहेको छ । यस जिल्लाको पूर्वको कर्णाली नदि, वर्दिया जिल्ला र सुर्खेत संग जोडिएको छ । त्यसैगरि उत्तरी भुभाग डोटी, डडेल्धुरा र सुर्खेत संग जोडिएको छ भने दक्षिण भुभाग भारतको लखिमपुर खिरीसंग जोडिएको छ ।

यस जिल्लाको नामाकरणको सम्वन्धमा विभिन्न मतहरु रहेका छन् । ति मध्ये प्रमुख मतहरु यसप्रकार छन् । परापूर्व कालमा कैलाली जिल्लामा काला बञ्जारको राज्य थियो । र उनीहरुको सदरमुकाम आजको कैलाली नाम गरेको ठाँउमा थियो । त्यस ठाँउलाई पहिले कालापानी भन्ने गरिन्थ्यो । पहिले कसैले अपराध गरेमा अपराधिलाई सजाय दिन त्यस ठाँउमा पठाइन्थ्यो । माथि कालापानीको नामले बग्ने नदि पछि खुटिया खोलाको नामले प्रसिद्ध छ । सम्भवत् त्यहीकारणले पनि वसन्दको अप्रभशं हुँदै गएर यसको नाम कैलाली रहेको भनिन्छ ।

### ४.१.१ प्रमुख पर्यटकिय तथा धार्मिक स्थलहरु

अन्न उत्पादनको दृष्टिकोण प्रसिद्ध भएझैं यस ठाँउमा पर्यटनको सम्भावना बोकेका थुप्रै ठाँउहरु रहेका छन् । यस जिल्लाका पर्यटकिय स्थलहरुमा टिकापुर पार्क, घोडाघोडी ताल, लम्किको चिसापानी स्थित कर्णाली पुल, खैराला दरवार, गोदावरी, खानीडाडा, धनगढी स्थित जोखरताल धनगढी पार्क राजकाँडा र अत्तरियाको लामिताल आदि हुन भने धनगढी ४ उत्तरवेहडी, शिवपुरी धाम, शमैजी, गोलादेनु, फुलवस्ती, गोदावरी गंगा, ग्वाशी वेहडावावा, लम्कि नारायण मन्दिर, वनदेवी मन्दिर, गोदावरी स्थित शिवमन्दिर, नैनादेवी मन्दिर, वेङकटेश्वर मन्दिर, खैरालामा रहेको मोहन्याल मन्दिर र चौमालाको मोहन्याल वावा यस जिल्लाका प्रसिद्ध धार्मिक स्थलहरु हुन् । गोदावरी जुन २०७२ मा नेपालको दोस्रो कुम्भ मेला आयोजना भएको थियो । धनगढी स्थित शिवपुरी धाममा यही फागुन १३ गते विश्वको दोस्रो १०८ शिवलिङ्ग उदघाटन भएको थियो ।

### ४.१.२ प्रमुख नदि तथा तालहरु

नेपालको सबैभन्दा लामो नदि कर्णाली लगायत मोहना खुटिया, पथरैया, शिवगंगा, गौरी, गंगा, वनरा, गुलसा गोदावरी जमरा आदि यस जिल्लाका प्रमुख तालहरुमा घोडाघोडी ताल, जोखर ताल, तिलेक ताल, कोइलही, लौकामौका, वेहडावावा ताल र अत्तरियाको लामिताल आदि प्रमुख तालहरु हुन् ।

### ४.१.३ बसोवास गर्ने जातजातिहरु

सूदुरपश्चिमा विकासक्षेत्रको कैलाली जिल्लामा मिश्रित जातजातिहरुको बसोवास रहेको छ । यस जिल्लामा बाहुन, क्षेत्री, ठकुरी, थारु र दलित समुदायको उल्लेखनिय मात्रामा बसोवास रहेको छ । बाहुनहरुमा पन्त, भट्ट, जोशी, रेग्मी, उपाध्याय, पाठक, पनेरु, दहाल, फुलारा, भण्डारी आदि । थारु जातिमा कठरिया, चौधरी, कुश्मि दहित, धोनैली, वैद्य, राजवंशी, डङगौरा जगथवा, कलहुव राना थारु आदि यस जिल्लामा बसोवास गर्ने प्रमुख जाति हो । क्षेत्रीहरुमा कुवर, खाति, बोहरा, खड्का, धामी, साँउद, विष्ट, कार्की, महरा, महत, वोगटी, धानुक, कडायत आदि । ठकुरीहरु शाह, शाही, चन्द, सिंह, मल्ल, चन्द, वटाला, पाल, वम, हमाल अदि र दलितहरुमा दमाई, कामि, आउजी, सार्की, वादी आदि रहेका छन् ।

### ४.१.४ राजनितिक तथा प्रशासनिक विभाजन

कैलाली जिल्लामा धनगढी उपमहानगरपालिका र अत्तरिया, लम्कि, टिकापुर, घोडाघोडी, भजनी त्रिशक्ति गरि ६ वटा नगरपालिकाहरु रहेका छन् भने ६ वटा निर्वाचन क्षेत्र ३९ वटा गा.वि.स र १३ वटा इलाका रहेका छन् ।

### ४.२ अत्तरिया नगरपालिकाको संक्षिप्त परिचय

अत्तरिया नगरपालिका सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चल कैलाली जिल्लामा अवस्थित नगरपालिका हो । अत्तरिया सुदूर पश्चिमको मुख्य नाकाको रुपमा रहि आएको छ । महेन्द्रराजमार्ग सँग जोडिएको अत्तरिया नगरपालिका सुदूरपश्चिमको मुख्य प्रवेशद्धार बन्न पुगेको छ । नेपाल सरकारले २०७१ सालमा घोषणा गरेका २१७ नगरपालिका मध्ये अत्तरिया नगरपालिका पनि एक हो । मालाखेति, श्रीपुर, बेलादेवीपुर र गेटा गा.वि.स लाई मिलाएर २०७१ साल जेठ ४ गते अत्तरिया नगरपालिकाको स्थापना गरिएको हो । हाल यस नगरपालिका १३ वटा वडाहरु रहेका छन् । कैलाली जिल्लाको प्रसिद्ध धार्मिक स्थल गोदावरी, शिवमन्दिर र बनदेवी मन्दिर पनि यसै नगरपालिकामा पर्दछन् । यतिमात्र नभई नेपाल अधिराज्यको दोस्रो ठूलो विमानस्थल धनगढी विमानस्थल र नेपालकै दोस्रो ठूलो सरकारी आखा अस्पताल यसै नगरपालिका अर्न्तगत  पर्दछन ।  सुदुर पशिमाञ्चल स्वास्थ्य प्रतिष्ठान निर्माणाधिन अवस्थमा रहेको छ । कैलाली जिल्लामा जस्तै यस नगरपालिकामा पनि विभिन्न जातजातिका मानिसहरु बसोवास गर्दछन् । जसमध्ये दलित जाति पनि एक हो । खाद्यान्नको हिसावले पनि यो नगरपालिका स्व निर्भर रहेको छ । समथर भुभाग हुनुका साथै यहाको माटो पनि उब्जाउ किसिमको हुनाले खेतिपाति पनि प्रसस्त मात्रामा हुन्छ । यस ठाउमा बसोवास गर्ने मानिसहरुले धान तोरी र उखुलाई प्रमुख बालीको रुपमा लिएका छन् ।

### ४.२.१ जनसँख्या

यस अत्तरिया नगरपालिकाको कुल जनसँख्या ७३५२१ रहेको छ । जसमध्ये पुरुषको जनसँख्या ३४६३४ अर्थात ४७.७६ प्रतिशत र महिलाको जनसँख्या ३७८८७ अर्थात ५२.२४ प्रतिशत रहेको छ । र यस नगरपालिकामा सबै भन्दा बढी क्षेत्री समुदायको जनसँख्या २२६८२ अर्थात ३१.२८ प्रतिशत र त्यसपछि थारु समुदाय २२०७७ अर्थात ३०.४४ प्रतिशत र

व्राह्मण १२३१५ अर्थात १६.९८ प्रतिशत र अन्य जातिको जनसँख्या १२४४७ अर्थात २१.३० प्रतिशत रहेको छ । र वडागत आधारमा रहेको जनसँख्यालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१**

**वडागत आधारमा अ.न.पा.को जनसँख्याको बनोट**

| वडा नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | २६६४ | २९१४ | ५५८७ |
| **२** | **२६१२** | **२८८१** | **५४९३** |
| ३ | २५५६ | २७३१ | ५२८७ |
| ४ | २४९७ | २७५३ | ५२७० |
| ५ | २८६४ | २९५७ | ५८२१ |
| ६ | २६११ | २८२७ | ५४३८ |
| ७ | २५८३ | २९६० | ५५४३ |
| ८ | २४८३ | २८०८ | ५२९१ |
| ९ | २३७३ | २७८३ | ५१५६ |
| १० | २९९३ | २८६६ | ५४५९ |
| ११ | २६६७ | २८७२ | ५५३९ |
| १२ | २७१६ | २८१९ | ५५३५ |
| १३ | ३४१५ | ३७१६ | ७१३१ |
| जम्मा | ३४६३४ | ३७८८७ | ७२५२१ |

स्रोत : अत्तरिया नगरपालिकाको कार्यालय (२०७१)

माथिको तालिका अनुसार अत्तरिया नगरपालिकाको जम्मा जनसँख्या ७२५२१ रहेको छ । र यस नगरपालिकाको वडागत जनसँख्याको विवरणलाई हेर्दा सबै भन्दा बढी जनसँख्या वडा नं. १३ मा रहेको छ भने सबै भन्दा कम जनसँख्या वडा नं. ९ मा रहेको छ । यो अत्तरिया नगरपालिका तराइको समथर भुभागमा अवस्थित रहेकोले यहा स्वास्थ्य, सँचार, यातायात शिक्षा आदिको राम्रो सुविधा भएकाले यस क्षेत्रमा पहाडी जिल्लाहरु डोटी, डडेल्धुरा, वैतडी,

बभ्फाङ, अछाम, दार्चुला बाट मानिसहरु बसाई सरेर आउने क्रम तिव्र भएकाले यस नगरपालिकामा जनसँख्याको चाप दिनानु दिन बढ्दै गईरहेको पाइन्छ ।

### ४.३ अ.न.पा. २ मा बसोवास गर्ने जातजातिको जनसँख्याको विवरण

यस अत्तरिया नगरपालिका वडा नं. २ मा दमाई, कामी, सार्की, ब्राह्मण, थारु, क्षेत्री, कोली आदि जातजातिका मानिसहरु बसोवास गर्दछन् । यस वडामा बसोवास गर्ने जात जातिको जनसँख्याको विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२**

**जातजातिको आधारमा जनसँख्याको विवरण**

| क्र.श. | जातजाति | जनसँख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राह्मण | १८३२ | ३३.३५ |
| २. | दलित | १५०१ | २७.३२ |
| ३ | क्षेत्री | १४५३ | २६.४५ |
| ४. | जनजाति | ५६७ | १०.३ |
| ५. | अन्य (मगर,नेवार) | १४० | २.५४ |
| | जम्मा | ५४९३ | १०० |

स्रोत : अत्तरिया नगरपालिकाको कार्यालय (२०७१)

माथिको तालिका अनुसार अत्तरिया नगरपालिका वडा नं. २ को कुल जनसँख्या ५४९३ रहेको छ जसमध्ये सबै भन्दा बढी ब्राह्मणको जनसँख्या १८३२ अर्थात ३३.३५ प्रतिशत छ

भने त्यसपछि दोस्रो ठूलो जनसँख्या दलित समुदायले ओगटेको छ जसमा दलितको जनसँख्या १५०१ अर्थात २७३२ प्रतिशत रहेको छ ।

### ४.३.१ धर्म

अध्ययन क्षेत्र अत्तरिया नगरपालिका वडा नं. २ विगत लामो समय देखि हिन्दु धर्म मान्ने मानिसहरुको बाहुल्यता रहे पनि अहिले आएर विभिन्न धार्मिक प्रचार र अन्य धर्मको प्रलोभनमा परि आफ्नो सनातन धर्म परिवर्तन गरि अन्य धर्म मान्दै आइरहेका छन् । जसलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं. ४.३**

**धर्मको आधारमा जनसँख्याको विवरण**

| क्र.स. | धर्म | जनसँख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | ४,६६९ | ८५ |
| ३ | ओमशान्ति | १५० | २.७ |
| ४ | क्रिष्टियन | ४३२ | ७.८६ |
| ५ | अन्य (बौद्ध, मुस्लिम) | २४२ | ४ |
| जम्मा | | ५४९३ | १०० |

स्रोत : अत्तरिया नगरपालिकाको कार्यालय २०७१

यस वडा नं. २ मा कुल जनसँख्याको ८५ प्रतिशत हिन्दुहरु रहेका छन् । ओमशान्ति २.७ प्रतिशत र अन्य धर्म मान्नेहरु बौद्ध, मुस्लिम  ४ प्रतिशत रहेका छन् ।

### ४.३.२ मातृभाषा

यस अत्तरिया नगरपालिका वडा नं. २ मा विभिन्न जातजातिका मानिसहरु बसोवास गर्दछन् । ति विभिद जात जातिहरुका आफ्नै किसिमका सामाजिक मुल्य मान्यता परम्पराहरु रहे झै आफ्नो किसमका कातृभाषाहरु रहेका छन् । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.४**

**मातृभाषाको आधारमा अ.न.पा वडा नं. २ को जनसँख्याको विवरण**

| क.स. | मातृभाषा | जनसँख्या | प्रतिशत |
|---|---|---|---|
| १ | डोटेली | ४९४३ | ८९.९८ |
| ४ | अन्य (मगर, नेवार, थारु) | ५५० | १०.१ |
| | जम्मा | ५४९३ | १०० |

स्रोत : अत्तरिया नगरपालिकाको कार्यालय २०७१

यस अ.न.पा वडा नं. २ मा बसोवास गर्ने जातजातिहरुको सम्पर्क भाषा नेपाली भयतापनि मातृभाषाको रुपमा विभिन्न भाषहरु रहेको पाइन्छ । माथिको तालिका अनुसार सबै भन्दा बढी डोटेली भाषा बोल्ने मानिसहरु (८९.९८) रहेका छन्  र अन्य भाषा बोल्ने क्रमश: १०.१ प्रतिशत रहेको छ ।

### ४.३.३ विकासका पूर्वाधारहरु

खानेपानी, विद्युत, यातायात सेवा, सँञ्चार सेवा, स्वास्थ्य सेवा, शिक्षा  आदिलाई विकासका पूर्वाधारको सुचाङ्क मानिन्छ भने शान्ति, सुरक्षा, स्थानिय सहभागिता र उद्यमशिलता जस्ता तत्वहरु विकासका पूर्वाधारका अग्रज तत्वहरु हुन । केहि वर्ष अघिको इतिहासलाई हेर्दा १० वर्ष लामो जनयुद्धको समाप्ती पछि तराई क्षेत्र अन्तरगत पर्ने यस अत्तरिया नगरपालिका

क्षेत्रले विकासका गतिहरुमा द्रुत गति लियो । मानव बस्ति र सुहाउदो सहरीकरणले गर्दा आर्थिक वर्ष २०७०-७१ म उक्त अत्तरिया क्षेत्रलाई विधिवत रुपमा अत्तरिया नगरपालिका घोषणा गरियो । महेन्द्र राजमार्गले छोएको यस नगरपालिकाको भौतिक पूर्वधारको बारेमा कुरा गर्ने हो भने यस नगरपालिकाको सिमाभित्र रहेको कुल ७० प्रतिशत रोड तथा बाटोहरु कालो पत्रे भई सकेका छन् भने अन्य बाटोघाटोहरु ग्रावेल अवस्थामा छन् । यस क्षेत्रका जनताले विद्युत तथा विद्युतिय उपकरणबाट निकै लाभान्वित लिएका छन् । मौलाउदो सँचार जगतले यहाँका जनतालाई घर घरमा सँचार सेवा उपलब्ध गराएको छ । यस क्षेत्रमा पदमा अस्पताल प्रा.लि. सेवा, नर्सिङ होम, पोलिक्लिनिक लगायत एउटा ठूलो ७० सैयाको सरकारी अस्पताल पनि रहेको उल्लेख छ । यहाका जनताहरुले हातेपम्पको पानी बढी प्रयोग गर्ने गरेको पाइन्छ भने यसका अतिरिक्त ७० प्रतिशत घरमा शुद्ध खानेपानीको लाइन जडान भईसकेको छ । नेपालमा बढेको साक्षरता दर सँग सँगै ६ वटा उच्च मा.वि २ वटा स्नातक क्याम्पस एउटा डिग्री क्याम्पस रहेका छन् भने अन्य निजि तथा सरकारी विद्यालयहरु ठाउ ठाउमा सञ्चालित रहेका छन् ।

सुरक्षाको दृष्टिकोणले अत्तरिया नगरपालिका निकै माथि रहेको छ । यस परिशर भित्र वैद्यनाथ बाहिनी, तेघरी आर्मी व्यारेक लगायत ठाउ ठाउमा प्रहरी चौकीको पनि व्यापार व्यवसाय पनि यस नगरपालिका भित्र सर्व विदित छ । दिव्य रोज एन्ड टर्पेनटाइन लगायत अन्य साना तथा मझौला उद्योगहरुपनि सँचालित अवस्थामा रहेका छन् । सुदुर पश्चिमाञ्चल क्षेत्रिय ट्राफिक कार्यालय पनि यसै नगरपाकिमा रहेको छ । यसरी समग्रमा भन्दा यस नगर परिसर भित्र ढल निकास, फोहोर व्यवस्थापन खानेपानी तथा पूर्ण सरसफाई पाटी पौवा चौतारा र बाटोघाटोको राम्रो व्यवस्था रहेको छ ।

# अध्याय – पाँच

# दलित महिलाको सामाजिक तथा आर्थिक अवस्था

शिक्षा  तथा चेतनाको अभावले लामो समयदेखि थिचिएका, पिल्सिएका दलित (कामी, दमाई, सार्की) महिलामा कैयौं कुरीति, सामाजिक विसङ्गतिहरु अझै सम्म पनि  देख्न सकिन्छ । यो जातका सदस्यहरु समाजका माथिल्लो जातिका सदस्यहरुसँग राम्रोसँग बोल्न पनि डराउछन् । यसरी एकातिर रुढीवादी संस्कृतिबाट दलित (कामी, दमाई, सार्की) महिला दबाइएका छन् भने विकासको फललाई आफ्नो हक, हित र भलाइमा प्रयोग गर्न सकिरहेका छैनन् । बिरामी हुँदा अझै पनि केही परिवार धामी झाक्रीको नै विश्वास गर्दछन् ।

## ५.१ उत्तरदाताको सामाजिक तथा आर्थिक अवस्था

### .५.१.१ उत्तरदाताको उमेरगत विवरण

यस शोध अध्ययनकालागि ७० जना महिला उत्तरदातालाई छानिएको छ । जसको उमेर समुहलाई जम्मा ५ समुहमा विभाजन गरिएको छ । जसलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

**तालिका नं. ५.१ उत्तरदाताको उमेरगत विवरण**

| क.सं. | उमेर समुह | परिवार संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १. | २० भन्दा कम | ५ | ७.१४ |
| ३. | २१-३० | १० | १४.२८ |
| ४ | ३१-४० | २० | २८.२८ |
| ५ | ४१-५० | ३० | ४२.८५ |
| ६. | ५१ भन्दा माथी | ५ | ७.१४ |
| जम्मा | | ७० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७३*

तालिकां. ५.१ अनुसार ३१-४० उमेर समूहका महिलाहरु २८.२८ प्रतिशत रहेका छन् भने सबभन्दा कम ७.१४ प्रतिशत महिला २० वर्ष उमेर समूहका रहेका छन् । यसैगरी २१-३० वर्ष, ४१-५० वर्ष र ५१ भन्दा माथी वर्ष उमेर समूहका महिलाहरुको प्रतिशत क्रमश ८२.८५ र ७.१४ रहेको छ। सम्पूर्ण घरधुरीको महिलाहरुबाट उत्तरहरु संकलन गरियो ।

### ५.१.२ वैवाहिक स्थिति

विवाह सार्वभौमिक सामाजिक संस्था हो । विवाह पश्चात महिला र पुरुष दुबैको भूमिका र अवस्थामा परिवर्तन आउँछ । जसले महिलालाई जन्म पश्चात एक छोरीको रुपमा मात्र नरही पत्नी, बुहारी, आमाको रुपमा परिणत गर्दछ। विवाह पश्चात महिलाहरुको हैसियत र भूमिकामा परिवर्तन ल्याई उनीहरुलाई कर्तव्य र कामको भार बढाउँछ । यस अध्ययन क्षेत्रका दलित (कामी, दमाई, सार्की) महिलाहरु विवाहित रहेका छन् । वैवाहिक स्थितिको विवरण तलको तालिकामा देखाइएको छ।

**तालिका नं. ५.२ अध्ययन क्षेत्रका उत्तरदाता महिलाको वैवाहिक स्थिति**

| क.सं. | **वैवाहिक स्थिति** | **परिवार संख्या** | **प्रतिशत (%)** |
|---|---|---|---|
| १. | विवाहित | ६० | ८५.७१ |
| ३. | विधवा | ८ | ११.४२ |
| ५. | छुट्टै बसेको(श्रीमान सँग छुट्टिएर बसेको ) | २ | २.८५ |
| जम्मा | | ७० | १०० |


स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं ५.२ अनुसार अध्ययन क्षेत्रका महिलाको वैवाहिक स्थिति हेर्दा ७० घरपरिवार मध्ये ८५.७१ बिवाहित थिए । जुन कुल जनसंख्याको ११.४२ प्रतिशत हुन आउछ । छुट्टै बसेका महिलाहरु ७० घरपरिवार मध्ये २ घर परिवार थिए। जुन कुल जनसंख्याको २.८५ प्रतिशत हुन आएको छ । छुट्टै बसेको २ मध्ये १ जनामा छोरी मात्र भएकोले श्रीमानले अर्को विहे गरेको कारण छुट्टै बसेको पाइयो भने अर्कोको श्रीमान भारतमा जागीर गर्न गएको र उतै बिहे गरेको घरमा नआएकोले सासु, ससुरासँग छुट्टीएर बसेको पाइयो ।

### ५.१.३ परिवारको किसिम

नेपालमा विभिन्न किसिमका पारिवारिक बनौट भएको देखिन्छ । शहरी क्षेत्रमा आधुनीकिकरणले गर्दा प्रायःएकात्मक परिवारको संख्या बढ्दै गइरहेको र संयुक्त परिवारको बनोटमा क्रमैसँग ह्रास आउन थालेको पाइन्छ । विशेषगरी पश्चिम पहाडी क्षेत्र नै आफ्नो बसोबासको स्थान गराएका दलित (कामी, दमाई, साकी) जातिमा पनि संयुक्त परिवारको मान्यतामा परिवर्तन आई एकात्मक परिवार तर्फ उन्मुख भइरहेको देखिन्छ ।

**चित्र नं. ५.१ अध्ययन क्षेत्रका महिलाको परिवारको अवस्था**




स्रोत : स्थलगत सर्वेक्षण, २०७३

वृत्तचित्र ५.१ अनुसार अध्ययन क्षेत्रका सम्पूर्ण घरमध्ये ५६ प्रतिशत सयुक्त परिवार रहेको पाइयो र एकात्मक परिवार कुल जनसंख्याको ४० प्रतिशत रहेको पाइयो । बृहत संयुक्त ४ प्रतिशत रहेको पाइयो ।

छोराहरुको बिहे भएपछि सासु, बुहारीमा झगडा हुने, नाति नातिनीको स्याहार संहारको काम बढ्ने र छोराहरुले कमाएको ज्याला, जाँड, रक्सीमा खर्च गरी झगडा समेत मच्चाई

अशान्ति समेत हुने गरेको र गरिबीको कारणबाट पनि ठूलो र संयुक्त परिवारबाट छुट्टिएको भन्ने व्यक्तिहरु पनि भेट्टिए । संयुक्त परिवारमा श्रम विभाजन हुने घरको काममा सबैले सहयोग गर्ने हुँदा संयुक्त परिवारलाई पनि राम्रो भन्ने घरमुलीहरु पनि देखिन्छन । संयुक्त र ठूलो परिवार भएमा सामाजिक इज्जत हुनुको साथै अन्य र आफ्ना जातिका अरु सदस्यहरुले पनि हेप्न नसक्ने हुनाले ठूलो परिवार राम्रो हुन्छ भन्ने पनि अध्ययनमा पाइयो ।

### ५.१.४ पारिवारिक पेशा

दलित (कामी, दमाई, सार्की) महिलाहरुको आर्थिक अवस्था भनेर छुट्टै रुपमा अध्ययन गर्नु गाह्रो हुन्छ । किनकी समग्र पारिवारिक आर्थिक अवस्था नै उनीहरुको आर्थिक अवस्था हो । यसर्थ उनीहरुको छुट्टै आर्थिक अवस्था कस्तो छ भन्दा पनि समग्र पारिवारिक आर्थिक अवस्थालाई सन्तुलनमा राख्न एउटी महिलाले पुऱ्याएको योगदानलाई अध्ययन गर्दा उनीहरुको आर्थिक अवस्था झल्कन्छ । पेशागत रुपमा विश्लेषण गर्ने हो भने दलित (कामी, दमाई, सार्की) जातिको पेशा कृषि नै देखिन्छ । खेतीपाती गर्दा बालीनाली लगाउने, गोडमेल, गर्ने जस्ता प्रायः सबैजसो कार्यहरुमा महिलाहरुको सक्रियता देखिन्छ । पशुपालन गर्ने कार्यहरुमा महिलाहरु उत्तिकै श्रमदान गर्दछन् । गोठको सफाई बस्तुभाउको सफाई,रेखदेख, कुडोपानी, घाँसपात, सबैजसो कार्यहरु महिलाहरु नै गर्दछन् । पुरुष विदेश गएको परिवारमा पुरुषको नियमित कमाई भएपनि महिलाले आफ्नो घरको कामसँगै ज्याला, मजुदरीको काम गर्न नछोड्नु पनि महिलाको परिवार प्रति गरिने लगानी र जिम्मेवारीपन महत्वपूर्ण पक्ष हो । यहाँका दलित (कामी, दमाई, सार्की) समुदायहरु पनि विभिन्न पेशा प्रति समर्पित भएको पाइन्छ । यहाँका दलित (कामी, दमाई, सार्की) पुरुषहरुले रिक्सा चलाउने, मजदुरी गर्न भारत जाने, दैनिक ज्यालादारीको काम गर्ने , काठको काम गर्ने र हलो जोत्ने जस्ता कामहरु गरेको पाइयो ।

**तालिका ५.३ पारिवारिक पेशा**

| क्र.सं. | पेशा | परिवार संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १. | कृषि | २० | १४ |
| २ | बैदेशिक रोजगार (भारत) | १८ | १२.६ |
| ३. | नोकरी | ४ | २.८ |
| ४. | व्यापार | ९ | ६.३ |
| ५ | दैनिक मजदुर | १५ | ७.५ |
| ५. | अन्य (ड्राइभर, ठेला व्यापार) | ४ | ५.७१ |
| जम्मा | | ७० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

तालिका ५.३ का अनुसार अध्ययन क्षेत्रका महिलाको कृषि कार्यमा संलघ्न घरधुरी संख्या २० पाइयो जुन कुल घरधुरी संख्याको १४ प्रतिशत हुन आउँछ । मजदुरी गर्ने घर धुरी संख्या १५ रहेको पाइयो जुन कुल घरधुरी संख्याको ७.५ प्रतिशत हुन आउँछ । ड्राइभर र ठेला व्यापार कार्य गर्नेमा ४ घरधुरी संख्या पाइयो । जुन कुल घरधुरी संख्याको ५.७१ प्रतिशत हुन आउँछ । यहाँका महिलाको मुख्य पेशा मजदुरी,कृषि र अन्य भएतापनि संपुर्ण घरधुरिका महिलाहरुले थोरै मात्रामा भए पनि कृषि कार्य गरेको पाइयो भने कृषि पेशा मुख्य पेशा हो भन्ने महिलाहरु पनि कहिले काहिं ज्याला मजदुरीमा हिड्ने गरेको पाइयो । यसरी यहाँका महिलाहरुले कृषि ,मजदुरी तथा अन्य बिभिन्न कार्यहरु गरी आफ्नो दैनिक गुजारा चलाएको पाइयो ।

### ४.१.५ जग्गा जमीनको अवस्था

अत्तरिया न.पा। अन्तर्गत पर्ने वडा नम्बर २ मा दलित जातिको बसोबास भएको र उनीहरुको जीवन निर्वाहको प्रमुख श्रोत कृषि भए पनि यस जातिको सामित्वमा जमीन एकदमै कम भएको पाइन्छ । दलित जातिको बस्ति प्रायः पाखोबारीतिर, सडकको छेउमा भएको ऐलानी जग्गामा भएको पाइन्छ भने विभिन्न किसिमका अन्न उत्पादन हुने र हुनसक्ने जमीनमा यिनीहरुको पहुच निकै कम भएको पाइन्छ । जमिनको

स्वामित्व भएका दलित परिवारमा महिलाहरुको जमिनमा स्वामित्वको अवस्थालाई हेर्दा यो निकै कम भएको पाइन्छ । दलित परिवारमा पनि अन्य जातिमा जस्ते जमिनको सामित्वमा पुरुषहरुकै हावी भएको पाइन्छ । यो कुरालाई निम्न तालिकाद्धारा देखाउन सकिन्छ ।

**तालिका नं. ५.४**

**जग्गा जमीनको अवस्था :**

| **जग्गा जमीनको अवस्था** | जम्मा | प्रतिशत |
|---|---|---|
| १ विघा भन्दा कम | ४४ | ६२ |
| १-२ विघा | १६ | २२.८५ |
| २ विघा भन्दा माथि | १० | १४.२८ |
| जम्मा | ७० | १००.०० |


श्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाले जग्गा जमीनको अवस्थालाई देखाउछ । जसमा १ विघा भन्दा कम हुने उत्तरदाताको सङ्ख्या ४४ जना रहेको पाइयो जुन जम्मा उत्तरदाताको ६२ प्रतिशत रहेको छ । समा १ देखी २ विघा हुने उत्तरदाताको सङ्ख्या १६ जना रहेको पाइयो जुन जम्मा उत्तरदाताको २२.८५ प्रतिशत रहेको छ र २ विघा भन्दा बढी हुने उत्तरदाताको सङ्ख्या १० जना रहेको पाइयो जुन जम्मा उत्तरदाताको १४.२८ प्रतिशत रहेको छ ।

### ५.१.६ खाद्यान्नको अवस्था

अध्ययन स्थलका दलित (कामी, दमाई, साार्की) समुदायको धेरै जनसंख्या कृषिमा लाग्ने भएतापनि यस जातिका परिवारलाई आफ्नो जमीनमा काम गरेर उत्पादित खाद्यान्नले कति महिना खान पुग्छ त भन्ने विवरण स्तम्भ चित्र नं.५.२ मा प्रस्तुत गरिएको छ ।

**स्तम्भ चित्र नं. ५.२ दलित (कामी, दमाई, साकी) समुदायलाई आफ्नो जग्गामा कृषि गरेर खान पुग्ने समय**




स्रोत : स्थलगत सर्वेक्षण, २०७३

स्तम्भ चित्र नं.५.२ बाट के जानकारी प्राप्त हुन्छ भने अध्ययन क्षेत्रका जम्मा घरधुरी मध्ये सबैभन्दा बढी २७.१४ प्रतिशत घरधुरीका मानिसहरुलाई आफ्नो वारीमा काम गरेर १२ महिना खान पुग्ने देखिन्छ भने सबभन्दा कम ३ महिना १४.२८ प्रतिशत घरधुरीका मानिसहरुलाई खान पुग्ने देखिन्छ। यसैगरी ४ देखी ६ महिना खान पुग्ने घरधुरी संख्या २७ जना रहेको छ।

### ५.१ं.७ पशुपालन

यस न.पा.अन्तरगत वडा नं. २ का दलित (कामी, दमाई, साकी) समुदायको वन जङ्गल र सार्वजनिक वन क्षेत्रको कमि भएका कारणले गर्दा चरनको अभाब र घाँस स्याउला सजिलै आपुर्ति नभएकाले पशुपालन गर्न गाह्रो भएको बताए । यिनिहरुले कुन रुपमा पशु-पालन गरेका छन् भन्ने विवरण  तालिका नं. ५.३ वाट थाहा हुन्छ ।

**तालिका नं. ५.५ पशुपंक्षी पालन**

| क.सं. | पशुपंक्षी | घरधुरी संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | गाइ,गोरु,भैसी | ४० | ५७.१४ |
| २ | कुखुरा, बाखा र हाँस | २० | २८.५७ |
| ५ | सुँगुर | १० | १४.२८ |
| जम्मा | | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका  नं ५.३ अनुसार ७०  घरधुरी मध्ये ४० घरधुरीले गाई,गोरु, भैसी पालेका छन् । जुन कुल घरधुरी संख्याको ५७.१४ प्रतिशत हुन आउछ । कुखुरा र बाखा पालन गर्नेको घरधुरी संख्या २० रहेको छ जुन कुल घरधुरी संख्याको २८.५७ प्रतिशत हुन आउछ । सुँगुर पालन गर्नेको घरधुरी संख्या १० रहेको छ जुन कुल घरधुरी संख्याको १४.२८ प्रतिशत हुन आउँछ ।  स्थलगत अध्ययन र प्रश्नावलीवाट जानकारी भए अनुसार यहाँका धेरै घरधुरीले गाई,गोरु, भैसी, कुखुरा पाल्ने गरेका छन । यसमा धेरै वृहत संयुक्त परिवार तथा संयुक्त परिवार रहेको पाइन्छ । बाखा पाल्नेमा एकात्मक परिवार नै धेरै छन । यहाँ बाखा पाल्नुको कारण यसबाट छिटो पैसा आर्जन हुने र एकात्मक परिवारले पनि पाल्न गाह्रो नहुने भएकोले बाखा पालन पेशा अपनाएको पाइयो ।

### ५.१.८ स्वास्थ्य सम्बन्धि बिबरण

अध्ययन स्थलका दलित (कामी, दमाई, साकी) महिलाहरु स्वास्थ्यको क्षेत्रमा त्यति संबेदनशिल देखिदैनन् तापनि कुनै– कुनै महिलालाई सामान्य रुपमा स्वास्थ्य सम्वन्धि जानकारी रहेको थाहा भयो । यहाँका दलित (कामी, दमाई, साकी) महिलाहरु बिरामी परेको वेला नजिक रहेको उपस्वास्थ्य चौकीमा जानुको साथै धामि झाँक्रिकोमा पनि जाने गरेको बताए । घर नजिकै कस्तो खालको स्वास्थ्य संस्था छ ? भन्ने प्रश्नको जवाफमा गा.वि.स. भवनमा रहेको उपस्वास्थ्य चौकी छ भन्ने जवाफ आयो भने वडा नं २ को छाप भन्ने गाउँका महिलाहरुले स्वास्थ्य संस्था टाढा रहेको बताए । यहाँका दलित (कामी, दमाई, साकी) महिलाहरु विरामी हुँदा जाने स्थानलाई तालिका नं.५.४ वाट प्रस्ट पारिन्छ ।

**तालिका नं.५.६ विरामी हुँदा जाने स्थान**

| क.स. | स्थान | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १. | डाक्टर | ५७ | ८१.४२ |
| २. | धामी झाक्री | १३ | १८.५७ |
| जम्मा | | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ५.४ अनुसार ७० घरधुरी मध्ये ५७ जना महिलाहरुले विरामी हुँदा डाक्टरको मा लैजाने बताए जुन कुल संख्याको ८१.४२ प्रतिशत हुन आउछ । १३ जनाले विरामी पर्दा धामी झाक्रीकोमा लैजाने बताए जुन कुल संख्याको १८.५७ प्रतिशत हुन आउछ । अध्ययनमा प्राप्त भएको जानकारी अनुसार विरामी पर्दा डाक्टरकोमा लैजानेको संख्या ४३ देखिएता पनि यीनीहरुले धामी झाक्री तथा बोक्सी हुन्छ भन्ने कुरामा विश्वास गरेको पाइयो ।

## ५.२ अध्ययन क्षेत्रका दलित (कामी, दमाई, साकी) महिलाको शैक्षिक अवस्था

शिक्षा लाई सांस्कृतिकको आधारमा कसले पढ्न हुने र कसले पढ्न नहुने भनेर छुट्याइएका कारण दलित महिलाहरु शिक्षा बाट पनि बञ्चित छन् । आफ्नो पालामा आफ्ना जातिलाई विद्यालयजान रोक लगाएको थियो भनेर समुह छलफल गर्दा केही बृद्धहरु बताउँछन । हाल विद्यालयमा प्रवेश गर्नबाट रोक नलगाएको भएतापनि आफ्नो जातिको कुनै व्यक्तिले पनि धेरै नपढेको वताउँछन । पहिले पहिले लैङ्गिक असमानताले गर्दा छोरीलाई नपढाउने प्रचलन थियो भने छोरालाई अलिअलि अक्षर चिनाएपछि भारततिर पैसा कमाउन पठाउने प्रचलन थियो । तर अहिले छोरीले पनि पढ्नु पर्दछ भन्ने चेतना फैलिएको छ । तापनि माथिल्लो जातिका महिला जस्तो धेरै- धेरै यो जातिका महिलाले पढ्न सकेका छैनन् ।

### ५.२.१ दलित (कामी, दमाई, साकी) समुदायको शैक्षिक स्थिति

शैक्षिक दृष्टिले नेपालमा दलित जातिहरु निकै पछाडी परेका छन् यी दलित (कामी, दमाई, साकी) जातिहरु पनि आर्थिक रुपबाट दयनिय भएको कारणले गर्दा र जनचेतनाको कमीले गर्दा यीनिहरुको शैक्षिक स्थिति निकै कमजोर रहेको छ

**तालिका नं. ५.७ दलित महिलाको शैक्षिक अवस्था**

| सि.न. | शैक्षिक अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | २० | २८.५७ |
| २ | साक्षर | ३० | ४२.८५ |
| ३ | प्रा.बि | १२ | ८.४ |
| ४ | नि.मा.बि. | ३ | २.१ |
| ५ | मा.बि. | ३ | २.१ |
| ६ | स्नातक भन्दा माथी | २ | १.४ |
| | **जम्मा** | **७०** | **१००** |

**स्रोत : स्थलगत अध्ययन २०७३**

तालिकावाट अनुसार २० जना निरक्षर रहेका छन यो जम्मा संख्याको २८.५७ प्रतिशत , साक्षरको संख्या ३० रहेको छ जुन जम्माको ४२.८५ प्रतिशत, प्रा .बि. पढ्नेको संख्या १२ रहेको छ जुन जम्माको ८.४ प्रतिशत, नि.मा.बि. पढ्नेको संख्या ३ रहेको छ यो जम्मा संख्याको २.१ प्रतिशत, मा.बि. पढ्नेको संख्या ३ रहेको छ जुन जम्माको २.१ प्रतिशत स्नातक भन्दा माथी १.४ प्रतिशत  रहेको पाइयो । यस समाजका महिलाले पढ्दा पढ्दै विचमा छोड्नु पर्ने कारणमा घरकाले नपढाएर, आर्थिक अभावले गर्दा, काम गर्नु पर्ने भएर, स्कूल टाढा भएर, छोरीले पढ्नु पर्दैन भनेर, पढाइको महत्व नबुझेर तथा छुवाछुतले गर्दा, बिहे भएर जस्ता विभिन्न बाधाहरुले गर्दा भन्ने थाहा हुन आयो ।

### ५.२.२ बालबालिकाको शैक्षिक अवस्था

समाजका हरेक गतिबिधिहरुको सुक्ष्म अध्ययनको लागि शिक्षा नै पहिलो र्शत मानिन्छ । शिक्षाकै कारण बाट आज विश्वमा धेरै आविष्कारमहरु, नयाँ तथ्य, सत्य पत्ता लगाउने उपकरणको नव सृजना तथा नयाँ नयाँ अन्वेषणहरुको खोजि सम्भव भएको मान्न सकिन्छ । विश्व आज एउटा Global Village भैसकेको परिपेक्क्ष्यमा क्षणभरमै  संसारका सवै सुचनाहरु प्राप्त गर्न सकिन्छ भने केवल शिक्षाकै माध्यमले मात्रै संभव छ । आजको यस आत्याधुनिक प्रविधिको युगमा शिक्षा बिनाको मानिस नारकिय जिवन बिताउन बाध्य हुने कुरालाई नर्काान सकिदैन । त्यसमा पनि हाम्रो जस्तो नेपाली समाज आफैमा पिछडिएको सन्दर्भमा दलितहरुको अवस्था त झनै बिकराल हुनु स्वभाविकै हो तर यो परिस्थिति आजको दिनमा परिवर्ततित भइ शैक्षिक, सामाजिक, आर्थिक, साँस्कृतिक, राजनैतिक एवम् मनोवैज्ञानिक पक्षमा समेत सकारात्मक परिर्वतित शिक्षाकै माध्यम बाट आएको हो । तपाइको छोराछोरी कुन विद्यालयमा पढ्छ । अध्ययन स्थलबाट प्राप्त जानकारीलाई निम्नलिखित तथ्यबाट प्रष्ट प्राप्त पार्न सकिन्छ ।

**तालिका नं. ५.८ अध्ययन गर्ने सस्थाको आधारमा उत्तरदाता दलित**

**महिलाको बालबालिकाको शैक्षिक अवस्था**

| सि.न. | विद्यालय | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी | ४० | ५७.१४ |
| २ | निजि | ३० | ४२.८५ |
| | जम्मा | ७० | १०० |


**स्रोत : स्थलगत अध्ययन २०७३**

तालिका नं. ५.६ मा अध्ययन गर्ने सस्थाको आधारमा उत्तरदाता दलित महिलाको बादबालिकाको शैक्षिक अवस्थालाई प्रस्तुत गरिएको छ । जसमा सरकारी स्कुल जाने ४० जना महिलाहरुका बालबालिका ५७.१४ प्रतिशत र निजिमा ४२.८५ प्रतिशत रहेको पाइयो । सरकारी विद्यालयमा बढी बालबालिका पढ्नुको कारण कमजोर आर्थिक अवस्था, छात्रवृतिको सुविद्या र निशुल्क पाठ्यपुस्तकको उपलब्धता रहेको पाईयो ।

### ५.२.३ छोरीलाई शिक्षा

यस समुदायका दलित (कामी, दमाई, सार्की) महिलाहरु शिक्षा को कमिले गर्दा आफुले धेरै दुःख भोग्न परेको कारणले गर्दा अहिलेको जमानामा छोरीलाई पढाउनु पर्दछ भन्ने धारणा धेरै महिलामा रहेको पाइयो । केहि उमेर अलि धेरै भएका महिलाहरुले भने पढाउन आवश्यक छैन भने । त्यसैले यस समाजमा रुढीवादी परंपरा पूर्ण रुपमा हटेको छैन । यस सम्बन्धि उत्तरदाताको धारणा वृत्त चित्र नं. ५.४ वाट प्रस्ट हुन्छ ।

**वृत्त चित्र नं. ५.३ छोरीलाई पढाउने सम्बन्धि धारणा**




स्रोत : स्थलगत अध्ययन २०७३

वृत्त चित्र नं. ५.४ बाट यो जानकारी हुन्छ की छोरीलाई पढाउनु पर्छ भन्ने धारणामा ८० प्रतिशत उत्तरदाताहरु रहेका छन् । आवश्यक छैन भन्नेमा १२ प्रतिशत र थाहा छैन भन्नेमा सबैभन्दा कम ८ प्रतिशत रहेको पाइयो ।  यस समाजमा छोरीलाई पढाउनु पर्दछ भन्ने धारणा धेरैमा पाइयो । अशिक्षित महिलाहरु पनि आफू नपढेको कारणले समाजमा पछाडी परेको कारणले गर्दा आफ्ना छोरीलाई जसरी पनि पढाउनु पर्दछ भन्ने धारणा व्यक्त गरे । आवश्यक छैन भन्नेमा अशिक्षित महिलाहरु र धेरै उमेरका महिलाले शिक्षा का बारेमा नबुझेको कारणले गर्दा पर्दैन हामीले नपढे पनि भयो भन्ने उत्तर पाइयो । अशिक्षित महिलावाट थाहा छैन भन्ने उत्तर आयो । छोरी विहे गरेर अर्काको घरमा जाने जात हो । छोरीले घरको काम गर्न सिक्नु अनिवार्य हुने हुदा छोरीले पढ्नु आवश्यक छैन भन्ने जानकारी पनि अध्ययनमा पाइयो ।

### ५.२.४ अभिभावकले पढाइमा गर्ने सहयोग

अध्ययन स्थलका अभिभावकहरुले आफ्ना छोराछोरीलाई पढाइमा पूर्ण रुपमा सहयोग गर्न नसके तापनि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गरेको पाइयो । शिक्षित तथा अशिक्षित जुनसुकै बाबु आमाले पनि विभिन्न तरीकाबाट आफ्ना बच्चा बच्चीलाई पढाइमा सहयोग गरेका रहेछन् । जुन तालिका नं.६.५ बाट प्रस्ट पार्न सकिन्छ ।

**तालिका नं. .५.९ पढाइमा सहयोग**

| क्र.सं. | सहयोग | घर संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १. | गृहकार्य गराएर | १० | १४.२८ |
| २. | नियमित अध्ययन गराएर | ३५ | ५० |
| ३. | काममा छुट दिएर | १५ | २१.४२ |
| ४. | अन्य .(टियूशन, उपहार उपलब्ध गराएर) | १० | १४.२८ |
| | जम्मा | ७० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

तालिका नं ५.७ मा देखाएर अनुसार गृहकार्य गराएर सहयोग गर्नेको संख्या १० रहेको छ जुन जम्मा संख्याको १४.२८ प्रतिशत हुन्छ । नियमित अध्ययन गराएर सहयोग गर्नेको संख्या ३५ रहेको छ जुन जम्मा संख्याको ५० प्रतिशत हुन आउछ । काममा छुट दिएर सहयोग गर्नेको संख्या १५ रहेको छ जुन जम्मा संख्याको २१.४२ प्रतिशत हुन आउँछ । अन्य तरिकाबाट सहयोग गर्नेको संख्या १० रह्यो जुन जम्माको १४.२८ प्रतिशत हुन्छ । यस अध्ययनबाट जानकारी भए अनुसार समाजमा आएको शैक्षिक परिवर्तनले गर्दा घरको कार्य आफूले गरेर भएपनि र स्कूलमा चाहिने सामानहरु उपलब्ध गराएर बच्चा बच्चीलाई स्कूल पढ्न सहयोग गरेको पाइयो ।

अन्तरवार्ताबाट पाइएको जानकारी अनुसार छोरा र छोरीमा भेदभाव भएर पढ्न कठिनाई नभएको तर भाइबहिनी आफू भन्दा साना भएका कारणले गर्दा आमालाई केही बढी सहयोग गर्नु पर्ने, आर्थिक अवस्था पनि कमजोर भएको हुनाले स्कुल विदा हुदाको दिन अरुको घरमा ज्यालामा  काम गर्न जानु पर्ने भएकोले आफूले समय मिलाएर पढ्नु पर्छ भन्ने जानकारी पाइयो । दलित भए पनि पढेर अरु सरह अगाडी बढ्नु पर्छ भन्ने धारणा रहेकोले घरमा पढ्न हौसला दिनुहुन्छ । आमाले मैले नपढेर दुःख पाएँ अब तिमी छोरीहरु राम्रोसँग पढेर अगाडी बढ्नु पर्दछ भन्नु हुन्छ भन्ने जवाफवाट पनि प्रस्ट हुन्छकी दलित ( कामी, दमाई, सार्की) समुदायका छोरीहरुलाई वर्तमान समयमा छोरा सरह पढ्ने अवसर रहेको छ । घरमा काम गर्न सघाउनु परे पनि पढ्नु पर्दछ भन्ने धारणा रहेकोले उपल्ला जाति सरह अघी वढ्नु पर्दछ भनि स्कूल पठाएको पाइयो ।

## ५.३ महिलाको शैक्षिक अवस्था र समाजिक सम्बन्ध


आर्थिक अवस्थाले नै मानिसको सामाजिक राजनैतिक एवं सांस्कृतिक विकासमा मुख्य भूमिका खेलेको हुन्छ । आर्थिक पक्षले जति दुरगामी प्रभाव पारेको हुन्छ । त्यति अन्य कुनै तत्वले प्रभाव पार्न सकेको पाइदैन । आर्थिक रुपमा यो अध्ययनमा गरिएका दलित (कामी, दमाई, सार्की) महिलाहरुको पनि जीवनका हरेक अवस्थामा प्रभाव पारेको छ । यथार्थमा अध्ययन गर्दा के देखिन्छ भने यस जाति पिछडिएको प्रमुख कारण पनि आर्थिक तथा सामाजिक अवस्थाले गर्दा नै हो ।

### ५.३.१ शैक्षिक अवस्थामा परिवर्तन

यस समुदायमा पहिलेको पुस्ताका व्यक्तिहरुले शिक्षा प्राप्त गरेका छैनन् भने अहिलेका पुस्ताले शिक्षा  प्राप्त गरेका छन् । त्यस्तैगरी अहिलेको पुस्ताका महिलाले पहिलेका महिलाले जस्तो पढ्दै नपढी काम मात्रै गर्ने गर्दैनन् ब्राम्हण क्षेत्रीको छोराछोरी सरह एउटै स्कूलमा अध्ययन गर्दछन् । करीव ४० वर्ष पहिले धर्म अनुसार वेद पुराणहरुको पढाइ हुने, संस्कृत शिक्षा  मात्र लागु भएको थियो । त्यति बेला दलितले वेद पुराणहरु सुन्न नहुने, पढ्न नहुने, जस्ता परम्पराहरु थिए । यी विषय पढ्न लागेको ठाउँमा दलितहरु आए भने त्यहाँ पढाई नै रोकिन्थ्यो र दलित गए पछि मात्र पढाई सुचारु रुपले अगाडी बढ्दथ्यो । तर वर्तमान अवस्थामा यस्ता रुढीवादी परम्परामा परिवर्तन आएको छ । वर्तमान अवस्थामा दलितहरुले

स्कूलमा गएर सजिलै पढ्न सक्छन् साथै चाहने हो भने संस्कृत शिक्षा  आर्जन गर्न पनि धर्मले बाधा पुऱ्याउदैन सजिलै पढ्न सक्छन् ।

**वृत्त चित्र नं. ५.४ शैक्षिक अवस्थामा परिवर्तन छ/छैन**




स्रोत : स्थलगत सर्वेक्षण, २०७३

वृत्त चित्र नं.५.५ बाट यो जानकारी हुन्छ की महिलाको शैक्षिक अवस्थामा परिवर्तन आएको छ भन्नेहरु सबैभन्दा धेरै ८० प्रतिशत रहेको छ भने छैन भन्नेको संख्या सबैभन्दा कम ४ प्रतिशत रहेको छ र थाहा छैन भन्नेको संख्या १६ प्रतिशत रहेको छ । स्थलगत अध्ययनमा आएको जानकारी अनुसार समाजमा आएको जनचेतनाको कारणले गर्दा शिक्षा मा परिवर्तन आएको छ भन्नेको संख्या धेरै रहेको छ । छैन भन्नेको संख्या न्युन रहेको छ जुन अशिक्षित धेरै उमेरका रहेका छन । ७०  वर्ष भन्दा माथिका उमेर समूहले थाहा छैन भन्ने जवाफ दिएको पाइयो ।

### ५.३.२ विद्यालय छोड्नुको कारण

दलित (कामी, दमाई, साकी) जाति पनि पुरुष प्रधान भएकोले गर्दा छोरीलाई घरकोकाम वढी गर्नु पर्ने यथार्थ विद्यमान रहेको छ । त्यसैले यस जातिमा पनि छोरीलाई भन्दा छोरालाई वढी महत्व दिइन्छ । छोरालाई स्कुल पढाउन जति महत्व दिइन्छ छोरीलाई

त्यतिदिइँदैन । यदि छोरी स्कुल जान्छन भने पनि स्कुल समयको अतिरिक्त घरायसी काम धन्दामा लाग्नु पर्ने हुन्छ । आज घरमा काम धेरै छ भने पनि छोरालाई स्कुल जान नरोकि छोरीलाइनै घर कुर्ने गाई वस्तुको स्याहार संभार गर्नु पर्ने ,संपूर्ण घरायसी कामको साथै ज्यालामा समेत काम गर्न जानु पर्ने हुन्छ । त्यसैले पढ्ने भनेको घरायसी कामको फुर्सदको समयमा मात्र देखिन्छ ।

**तालिका नं.५.१० विद्यालय छोड्नुको कारण**

| क.सं. | संघर्ष | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | घरको काम सकेर स्कुल जानु पर्दथ्यो | ४० | ५७.१४ |
| २ | कापि कलम किन्न आफै ज्यालामा जानुपर्दथ्यो | १० | १४.२८ |
| ३ | घरमा धेरैकाम हुँदा स्कुल जान पाइँदैनथ्यो | १० | १४.२८ |
| ४ | विदाको दिन पनि ज्यालामा जानु पर्दथ्यो | १० | १४.२८ |
| जम्मा | | ७० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

तालिका नं.५.७ अनुसार घरको काम सकेर स्कुल जानु पर्दथ्यो भन्नेको संख्या ४० रहेको छ । यो जम्माको ५७.१४ प्रतिशत हुनआउँछ । कापि कलम आफै किन्न आफै ज्यालामा जानु पर्दथ्यो भन्नेको संख्या १० रहेको छ जुन जम्माको १४.२८ प्रतिशत हुन्छ । घरमा धेरै काम हुँदा स्कुल जान पाइँदैनथ्यो भन्नेको संख्या १० रहेको छ । जुन जम्माको १४.२८ प्रतिशत हुन्छ । विदाको दिन पनि ज्यालामा जानुपर्दर्थ्यो भन्नेको संख्या १० रहेको छ । जुन जम्माको १४.२८ प्रतिशत हुन्छ । अध्ययन स्थलमा ७० महिला मध्ये २२ जनाले पढेको पाइयो । यी महिलाहरुमा पनि धेरैले प्रा.वि. स्तरसम्म मात्र पढेको पाइयो । उच्च शिक्षा हासिल गर्न नसके पनि तीनिहरुले पढ्नको लागी संघर्ष नै गर्नु परेको बताए । धेरै महिलाहरु घरको काम सकेर स्कूल जानु पर्ने कापी कलम किन्नलाई आफै ज्यालामा काम गर्न जाने, विदाको दिनमा पनि उपल्लो जातिकोमा ज्यालामा जाने, घरमा धेरै काम हुँदा स्कूल नजाने अरुको घरमा काम गर्ने बताए ।

### ५.३.३ बालबालिकाको शैक्षिक अवस्था सुदृढ गर्न आवश्यक पर्न आर्थिक बन्दोबस्त

मानिस समामजिक प्राणि हो । समाजका हरेक गतिबिधिहरुको सुक्ष्म अध्ययनको लागि शिक्षा नै पहिलो शर्त मानिन्छ । शिक्षाकै कारण बाट आज विश्वमा धेरै आविष्कारहरु, नयाँ तथ्य, सत्य पत्ता लगाउने उपकरणको नव सृजना तथा नयाँ नयाँ अन्वेषणहरुको खोजि सम्भव भएको मान्न सकिन्छ । सन्तानको शैक्षिक अवस्था सुदृढ गर्न आवश्यक पर्न आर्थिक बन्दोबस्त कहाँबाट आउँछ भन्ने प्रश्नको उत्तर निम्न छ :

**तालिका नं.५.११ आर्थिक बन्दोबस्त**

| | आर्थिक बन्दोबस्त | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | आफै कमाएर | ४० | ५७.१४ |
| २ | साहुसँग मागेर | १० | १४.२८ |
| ३ | सरकारी निकाय मार्फत सहयोग | १० | १४.२८ |
| ४ | अन्य (आफन्त) | १० | १४.२८ |
| | जम्मा | ७० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार आफै कमाएर भन्नेको संख्या ४० रहेको छ । यो जम्माको ५७.१४ प्रतिशत हुनआउँछ । साहुसँग मागेर भन्नेको संख्या १० रहेको छ जुन जम्माको १४.२८ प्रतिशत हुन्छ । सरकारी निकाय मार्फत सहयोग भन्नेको संख्या १० रहेको छ ।

### ५.३.३ दलित महिलाको राजनीतिक अवस्था

यस समाजका दलित महिलाहरुको राजनैतिक स्थितिलाई हेर्दा ज्यादै न्यून अवस्था भएको पाइन्छ । यद्यपि विभिन्न राजनैतिक दलहरुले विभिन्न क्षेत्र तर्फ महिला सहभागिता कम्तीमा ३३ प्रतिशत पुऱ्याउने प्रतिबद्धता जाहेर गरे पनि हालसम्म यो प्रतिबद्धता शुद्ध रुपमा कार्यान्वयन भएको छैन । यहाँका दलित महिलाहरुले कुनै निर्वाचनमा स्थान पाएका छैनन् ।

अध्ययन स्थलका दलित (कामी, दमाई, सार्की) महिलाहरु अशिक्षा को कारणले गर्दा अन्य समाजका महिलाले जत्तिकै राजनीतिक चेतना पाएका छैनन् । यस समाजमा केही शिक्षित

महिलामा र केही साक्षर महिलामा राजनीतिक चेतना थोरै मात्र आएको छ । अहिलेको देशमा भएको महिला शिक्षा ,महिला कोटा सम्बन्धि व्यवस्थाको कारणले गर्दा पनि यहाँका महिलाले राजनीति गर्नुपर्दछ भन्ने बारेमा चेतना आएको पाइन्छ ।

**तालिका नं. ५.१२ दलित महिलाको राजनीति सम्बन्धि धारणा**

| क्र.स. | धारणा | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | गर्नु पर्दछ | २२ | ३२.४२ |
| २ | गर्नु पर्दैन | ३० | ४२.८५ |
| ३ | थाहा छैन | १८ | २५ |
| जम्मा | | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं ५.९ अनुसार दलित महिलाले राजनीति गर्नु पर्दछ भन्नेको संख्या  रहेको छ जुन कुल प्रतिशतको ३२.४३ हुन्छ । गर्नु पर्दैन भन्नेको संख्या १० रहेको छ जुन कुल संख्याको ४२.८५ प्रतिशत हुन आउछ । थाहा छैन भन्नेको संख्या १८ रहेको छ जुन कुल संख्याको २५ प्रतिशत हुन्छ । अध्ययन स्थलका ७०  महिला मध्ये दलित महिलाले राजनीति गर्नु पर्दछ भन्नेको संख्या धेरै रहेको छ । ति महिलाहरु साक्षर तथा पढेका रहेका छन । गर्नु पर्दैन भन्नेहरु उमेर धेरै भएका र नपढेका छन् । थाहा छैन भन्नेहरु पनि नपढेकै रहेको पाइयो ।

### तालिका नं. ५.१३ दलित महिलाले राजनीति गर्नु पर्ने कारण

| क्र.सं. | कारण | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | इज्जत मान बढ्छ | २० | २८.५७ |
| २ | दलितको पक्षमा निर्णय गर्न पाइन्छ | ३० | ४२.८५ |
| ३ | आफ्नो वर्गको समस्या राख्न पाइन्छ | १० | १४.२८ |
| ४ | साधन र स्रोतमा पहुँच बढछ | १० | १४.२८ |
| जम्मा | | ७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं.५.१० अनुसार राजनीतिमा भाग लिएमा के फाइदा हुन्छ भन्ने प्रश्नको उत्तरमा इज्जत मान बढ्छ भन्नेको संख्या २० रहेको छ जुन कुल संख्याको २८.५७ प्रतिशत हुन्छ । दलितको पक्षमा निर्णय गर्न पाइन्छ भन्नेको संख्या ३० रहेको छ जुन कुल संख्याको ४२.८५ प्रतिशत हुन्छ । आफ्नो वर्गको समस्या राख्न पाइन्छ भन्नेको संख्या १० रहेको छ जुन कुल संख्याको १४.२८ प्रतिशत हुन्छ । साधन र श्रोतमा पहुँच बढ्छ भन्नेको संख्या १० रहेको छ जुन कुल संख्याको १४.२८ प्रतिशत हुन्छ ।

स्थलगत अध्ययनवाट आएको जानकारी अनुसार यहाँका धेरै महिलाले राजनीतिमा भाग लिएमा दलित महिलाको पक्षमा निर्णय गर्न पाइन्छ भन्ने कुरालाई व्यक्त गरेका छन । आफू राजनीतिमा सहभागी भइयो भने समस्या राख्न पाइने थियो की जसको कारणले हाम्रो आर्थिक स्थितिलाई सहयोग पुऱ्याउने थियो भन्ने धारणा यहाँका महिलाको रहेकोछ । इज्जत मान बढ्छ भन्ने पनि केही महिलाको धारणा थियो । इज्जत मान बढाउनकोलागि भएपनि राजनीतिमा सहभागी हुनुपर्ने दलित महिलाको धारणा थियो । आफू राजनीतिमा सहभागी भैसकेपछि आफ्नो वर्गको समस्या राख्न पाइन्छ भन्ने धारणा केही महिलामा पाइयो भने

राजनीतिमा सहभागी भैसकेपछि स्रोत साधनमा पहुँच बढ्छ भन्ने पनि केहीको धारणा थियो । दलित महिलामा आएको शैक्षिक परिवर्तनको कारणले गर्दा पनि राजनीति गर्नू पर्छ दलित महिला पनि अगाडी बढ्नु पर्दछ भन्ने धारणामा परिवर्तन आएको पाइयो ।

### ५.३.४ सञ्चारका माध्यमको प्रयोग

विश्वमा भएका समसामयिक शिक्षादिक्षा, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवं अन्य पक्षहरुको बारेमा जानकारी दिने दैनिक, मासिक पत्रिकाहरु आफै पढ्ने र त्यसका बारेमा जानकार्रा लिन सकने भएका दलित महिलाहरु आजको शिक्षा दिई सक्षम र योग्य सन्तान बनाउमा उनिहरु शिक्षा प्रति सकारात्मक सोच राख्न थालेको पाइन्छ । यस अध्ययन क्षेत्रका महिलामा पनि सञ्चारका माध्यमको प्रयोग  गर्ने प्रवृति रहेको पाइयो । यीनीहरुको अवस्थालाई तल प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.१४ दलित महिलाले प्रयोग गर्ने सञ्चारका माध्यम**

| क.सं. | कारण | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | पत्रपत्रिका | २० | २८.५७ |
| २ | मोवाइल तथा फोन | ३० | ४२.८५ |
| ३ | रेडियो र टि.भि. | १० | १४.२८ |
| ४ | अन्य (पुस्तक, इमेल ) | १० | १४.२८ |
| जम्मा | | ७० | १०० |

माथिको तालिका अनुसार पत्रपत्रिका पढ्छु भन्नेको संख्या २० रहेको छ । यो जम्माको २८.५७ प्रतिशत हुनआउँछ । मोवाइल तथा फोन चलाउछु भन्नेको संख्या ३० रहेको छ जुन जम्माको ४२.८५ प्रतिशत हुन्छ ।

रेडियो र टि.भि। भन्नेको संख्या १० रहेको छ ।  अहिलेको बदलिदो जमाना र विकसित प्रविधिले गर्दा मोवाइल फोनको प्रयोग बढी भएको पाईयो । पत्रपत्रिका समयमा नपुग्ने तथा निरक्षर भएकाले पत्रपत्रिका पढ्नेको सङ्ख्या कम रहेको पाइयो ।  रेडियो र टि.भि.को उपलब्धता नभएकाले कम हेर्ने गरेको पाइयो ।

# अध्याय – छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

यस शोधको मुख्य उद्देश्य दलित (कामी, दमाई, सार्की) जातिका महिलाको शैक्षिक अवस्थाको यथार्थ अध्ययन गर्नु रहेको थियो । नेपालमा छरिएर रहेका अनेकौ जातजातिको आफ्ना-आफ्नै सामाजिक तथा आर्थिक अवस्था विद्यमान रहेकोमा यस क्षेत्रका दलितहरुले पनि यस्तै आफ्नोपनको परिचय दिइरहेका छन् । स्थलगत सर्वेक्षण गर्ने कार्य गरी दलित ( कामी, दमाई, सार्की) समुदायसँग सम्बन्धित विभिन्न तथ्याङ्क संकलन गर्दा प्राथमिक विधि अर्न्तगत अवलोकन, प्रश्नसूची द्वारा अन्तरवार्ता, व्यक्तिगत अध्ययन र द्वितिय तथ्यांक संकलन विधि अर्न्तगत गा.वि.स.ले गरेको विभिन्न सर्भेक्षण, विद्यालयको शैक्षिक विवरण, विभिन्न विद्वानबाट प्रकाशित पुस्तक, लेख रचना, जस्ता सामाग्री प्रयोग गरियो । तथ्यांकको अनुसन्धानको उद्देश्य अनुरुप उनीहरुको शैक्षिक पक्षका विभिन्न तह हरुका सम्बन्धमा अध्ययन गरियो ।  तथ्याङ्क संकलनको क्रममा प्राप्त यथार्थको सारांश निम्नअनुसार प्रस्तुत गरिएको छ ।

i. ३१-४० उमेर समूहका महिलाहरु २८.२८ प्रतिशत रहेका छन् भने सबभन्दा कम ७.१४ प्रतिशत महिला २० वर्ष उमेर समूहका रहेका छन् । यसैगरी २१-३० वर्ष, ४१-५० वर्ष र ५१ भन्दा माथी वर्ष उमेर समूहका महिलाहरुको प्रतिशत क्रमश ८२.८५ र ७.१४ रहेको छ । सम्पूर्ण घरधुरीको महिलाहरुबाट उत्तरहरु संकलन गरियो ।

ii. अध्ययन क्षेत्रका महिलाको वैवाहिक स्थिति हेर्दा ७० घरपरिवार मध्ये ८५.७१ बिवाहित थिए । जसमा जुन कुल परिवार संख्याको ८५.७१ प्रतिशत हुन आउँछ । ७०  अध्ययन गरिएका महिला मध्ये विधवा ८ घर परिवारका महिला थिए । जुन कुल जनसंख्याको ११.४२ प्रतिशत हुन आउछ ।  छुट्टै बसेका महिलाहरु ७० घरपरिवार मध्ये २ घर परिवार थिए । जुन कुल जनसंख्याको २.८५ प्रतिशत हुन आएको छ ।

iii. अध्ययन क्षेत्रका सम्पूर्ण घरमध्ये ५६ प्रतिशत हुन रहेको पाइयो । संयुक्त परिवार कुल जनसंख्याको ४० प्रतिशत रहेको पाइयो । बृहत संयुक्त ४ प्रतिशत रहेको पाइयो ।

iv. अध्ययन क्षेत्रका महिलाको कृषि कार्यमा संलघ्न घरधुरी संख्या २० पाइयो जुन कुल घरधुरी संख्याको १४ प्रतिशत हुन आउँछ । मजदुरी गर्ने घर धुरी संख्या १५ रहेको पाइयो जुन कुल घरधुरी संख्याको ७.५ प्रतिशत हुन आउँछ । अन्य कार्य गर्नेमा ४ घरधुरी संख्या पाइयो । जुन कुल घरधुरी संख्याको ५.७१ प्रतिशत हुन आउँछ ।

v. अध्ययन क्षेत्रका जम्मा घरधुरी मध्ये सबैभन्दा बढी ४८ प्रतिशत घरधुरीका मानिसहरुलाई आफ्नो वारीमा काम गरेर ६ महिना खान पुग्ने देखिन्छ भने सबभन्दा कम १ महिना १० प्रतिशत घरधुरीका मानिसहरुलाई खान पुग्ने देखिन्छ । यसैगरी १ वर्ष र ३ महिना खान पुग्ने घरधुरी संख्या क्रमश २४ र १६ प्रतिशत रहेको छ ।

vi. ७० घरधुरी मध्ये ४० घरधुरीले गाई,गोरु, भैसी पालेका छन् । जुन कुल घरधुरी संख्याको ५७.१४ प्रतिशत हुन आउछ । कुखुरा र बाखा पालन गर्नेको घरधुरी संख्या २० रहेको छ जुन कुल घरधुरी संख्याको २८.५७ प्रतिशत हुन आउछ । सुँगुर पालन गर्नेको घरधुरी संख्या १० रहेको छ जुन कुल घरधुरी संख्याको १४.२८ प्रतिशत हुन आउँछ । यहाँ बाखा पाल्नुको कारण यसबाट छिटो पैसा आर्जन हुने र एकात्मक परिवारले पनि पाल्न गाह्रो नहुने भएकोले बाखा पालन पेशा अपनाएको पाइयो ।

vii. ७० घरधुरी मध्ये ५७ जना महिलाहरुले विरामी हुँदा डाक्टरको मा लैजाने बताए जुन कुल संख्याको ८१.४२ प्रतिशत हुन आउछ । १३ जनाले विरामी पर्दा धामी झाक्रीकोमा लैजाने बताए जुन कुल संख्याको १८.५७ प्रतिशत हुन आउछ । अध्ययनमा प्राप्त भएको जानकारी अनुसार विरामी पर्दा डाक्टरकोमा लैजानेको संख्या ४३ देखिएता पनि यीनीहरुले धामी झाक्री तथा बोक्सी हुन्छ भन्ने कुरामा विश्वास गरेको पाइयो ।

viii. २० जना निरक्षर रहेका छन यो जम्मा संख्याको २८.५७ प्रतिशत , साक्षरको संख्या ३० रहेको छ जुन जम्माको ४२.८५ प्रतिशत, प्रा .बि. पढ्नेको संख्या १२ रहेको छ जुन जम्माको ८.४ प्रतिशत, नि.मा.बि. पढ्नेको संख्या ३ रहेको छ यो जम्मा

संख्याको २.१ प्रतिशत, मा.बि. पढ्नेको संख्या ३ रहेको छ जुन जम्माको २.१ प्रतिशत स्नातक भन्दा माथी १.४ प्रतिशत रहेको पाइयो ।

ix. सरकारी स्कुल जाने ४० जना महिलाहरुका बालबालिका ५७.१४ प्रतिशत र निजिमा ४२.८५ प्रतिशत रहेको पाइयो ।

x. ८० प्रतिशत उत्तरदाताहरु रहेका छन् । आवश्यक छैन भन्नेमा १२ प्रतिशत र थाहा छैन भन्नेमा सबैभन्दा कम ८ प्रतिशत रहेको पाइयो ।

xi. नियमित अध्ययन गराएर सहयोग गर्नेको संख्या ३५ रहेको छ जुन जम्मा संख्याको ५० प्रतिशत हुन आउछ । काममा छुट दिएर सहयोग गर्नेको संख्या १५ रहेको छ जुन जम्मा संख्याको २१.४२ प्रतिशत हुन आउँछ । अन्य तरिकाबाट सहयोग गर्नेको संख्या १० रह्यो जुन जम्माको १४.२८ प्रतिशत हुन्छ । यस अध्ययनबाट जानकारी भए अनुसार समाजमा आएको शैक्षिक परिवर्तनले गर्दा घरको कार्य आफूले गरेर भएपनि र स्कूलमा चाहिने सामानहरु उपलब्ध गराएर बच्चा बच्चीलाई स्कूल पढ्न सहयोग गरेको पाइयो ।

xii. महिलाको शैक्षिक अवस्थामा परिवर्तन आएको छ भन्नेहरु सबैभन्दा धेरै ८० प्रतिशत रहेको छ भने छैन भन्नेको संख्या सबैभन्दा कम ४ प्रतिशत रहेको छ र थाहा छैन भन्नेको संख्या १६ प्रतिशत रहेको छ । स्थलगत अध्ययनमा आएको जानकारी अनुसार समाजमा आएको जनचेतनाको कारणले गर्दा शिक्षा मा परिवर्तन आएको छ भन्नेको संख्या धेरै रहेको छ । छैन भन्नेको संख्या न्युन रहेको छ जुन अशिक्षित धेरै उमेरका रहेका छन । ७० वर्ष भन्दा माथिका उमेर समूहले थाहा छैन भन्ने जवाफ दिएको पाइयो ।

xiii. घरको काम सकेर स्कुल जानु पर्दथ्यो भन्नेको संख्या ४० रहेको छ । यो जम्माको ५७.१४ प्रतिशत हुनआउँछ । कापि कलम आफै किन्न आफै ज्यालामा जानु पर्दथ्यो भन्नेको संख्या १० रहेको छ जुन जम्माको १४.२८ प्रतिशत हुन्छ । घरमा धेरै काम हुँदा स्कुल जान पाइँदैनथ्यो भन्नेको संख्या १० रहेको छ । जुन जम्माको १४.२८ प्रतिशत हुन्छ । विदाको दिन पनि ज्यालामा जानुपर्दथ्यो भन्नेको संख्या १० रहेको छ । जुन जम्माको १४.२८ प्रतिशत हुन्छ । अध्ययन स्थलमा ७० महिला मध्ये २२

जनाले पढेको पाइयो । यी महिलाहरुमा पनि धेरैले प्रा.वि. स्तरसम्म मात्र पढेको पाइयो ।

xiv. आफै कमाएरे भन्नेको संख्या ४० रहेको छ । यो जम्माको ५७.१४ प्रतिशत हुनआउँछ । साहुसँग मागेर भन्नेको संख्या १० रहेको छ जुन जम्माको १४.२८ प्रतिशत हुन्छ । सरकारी निकाय मार्फत सहयोग भन्नेको संख्या १० रहेको छ ।

xv. दलित महिलाले राजनीति गर्नु पर्दछ भन्नेको संख्या  रहेको छ जुन कुल प्रतिशतको ३२.४३ हुन्छ । गर्नु पर्दैन भन्नेको संख्या १० रहेको छ जुन कुल संख्याको ४२.८५ प्रतिशत हुन आउछ । थाहा छैन भन्नेको संख्या १८ रहेको छ जुन कुल संख्याको २५ प्रतिशत हुन्छ । अध्ययन स्थलका ७०  महिला मध्ये दलित महिलाले राजनीति गर्नु पर्दछ भन्नेको संख्या धेरै रहेको छ । ति महिलाहरु साक्षर तथा पढेका रहेका छन । गर्नु पर्दैन भन्नेहरु उमेर धेरै भएका र नपढेका छन् । थाहा छैन भन्नेहरु पनि नपढेकै रहेको पाइयो ।

xvi. राजनीतिमा भाग लिएमा के फाइदा हुन्छ भन्ने प्रश्नको उत्तरमा इज्जत मान बढ्छ भन्नेको संख्या २० रहेको छ जुन कुल संख्याको २८.५७ प्रतिशत हुन्छ । दलितको पक्षमा निर्णय गर्न पाइन्छ भन्नेको संख्या ३० रहेको छ जुन कुल संख्याको ४२.८५ प्रतिशत हुन्छ ।  दलित महिलामा आएको शैक्षिक परिवर्तनको कारणले गर्दा पनि राजनीति गर्नू पर्छ दलित महिला पनि अगाडी बढ्नु पर्दछ भन्ने धारणामा परिवर्तन आएको पाइयो ।

xvii. मोवाइल तथा फोन चलाउछु भन्नेको संख्या ३० रहेको छ जुन जम्माको ४२.८५ प्रतिशत हुन्छ ।  रेडियो र टि.भि। भन्नेको संख्या १० रहेको छ ।

## ६.२ निष्कर्ष

दलित जातीहरु आर्थिक, शैक्षिक, राजनैतिक तथा सामाजिक तवरले शोषित र पिडीत रहेका छन् । पहिला पहिला त झन् उनीहरुलाई शिक्षा हासिल गर्न बन्देज थियो । नेपालमा बिगत केही दशक सम्म अछुत जातिहरुको स्थिति एकदम नाजुक रहेका थियो । छुत र अछुत जातिहरुमा बाठिएका सम्पुर्ण नेपालिहरु भाषागत र अन्य धेरै दृष्टिकोणबाट पनि बिभाजित थिए । यस्ता अवान्छनिय चालचलनलाई निर्मुल पार्नका साथै दलितहरुको जिनस्तर माथि

उकास्न अपेक्षित वातावरण तयार गर्न विशेष प्रकारको शैक्षिक प्रणाली कानुनि व्यवस्था र सामाजिक अभियान आदि कानूनतः प्रावधान राखिएता पनि यसको व्यवहारिक पक्ष कमजोर देखिन्छ । दलित (कामी, दमाई, सार्की) महिलाहरु आफ्नो समुदायभित्र  दुःख सुख परिवारमा मिलेर र लोग्ने स्वास्नी बिच आपसी समझदारी रहेतापनि अन्य जातिको तुलनामा हेर्दा जातिय शोषण छुवाछुत, कानूनी अनविज्ञता, चेतनाको कमी, साक्षरताको कमी, स्रोत र साधनहरुमा कम पहुँच, राज्यद्वारा व्यवस्थित भएका कानुनी व्यवस्थामा जानकारी नहुनु सबै जातिय दमन र छुवाछुतको कारक तत्वको रुपमा देखिएको छ । समाजमा अन्य जातिले हेपाहा प्रवृत्तिले हेर्नु आर्थिक अवस्था कमजोर हुनाले हली प्रथा, ज्याला मजदुरीमा भर पर्नुपर्ने, आर्थिक उपार्जनको स्रोत नहुनु, तागाधारी र मतवाली महिलाहरु भन्दा दलित ( कामी, दमाई, सार्की) महिलाहरुले बढी बच्चा जन्माउने र स्याहार्ने हुनाले स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरेको पाइन्छ ।

प्राथमिक तह सम्म विद्यालय जाने प्रत्येक घरबाट भए पनि उच्च माध्यमिक तहमा पुग्दा १ जना मात्र महिला रहेकी छन् । यसको मूल कारणमा दलितले पढेर कुनै सेवामा प्रवेश गरेको नदेखिनु, घरको आर्थिक अवस्थाले धान्न नसक्नु र गरिबीको कारणले विद्यालय छाड्ने अवस्था पनि आउने गरेको छ । यहाँका दलित महिलाहरु पौरखी परिश्रमी भएर पनि राम्रो आय आर्जन छैन । उहाँहरुको जग्गा जमीन कमी छ , भएको पनि उत्पादनशिल छैन त्यसैले उहाँहरु ज्याला मजदुरीमा भर पर्नु पर्ने हुन्छ । नेपालमा महिलाहरुलाई पितृसत्तात्मक कारणले दोस्रो दर्जाको नागरिकको व्यवहार गर्ने गरिएको छ । त्यसैले सबै महिलाहरु उत्पिडित छन् तर माथिल्ला जातका महिला र दलित महिला बिच सामाजिक रुपमा फरक के छ भने दलित महिलाहरु सधैंभरी छुवाछुतको दुर्व्यवहारका शिकार भइरहेका छन् पारिवारिक सन्तुलन विग्रेमा त्यसकोलागी महिलालाई उत्तरदायी बनाइने लेख्न र पढ्न जान्ने शिक्षित महिला विग्रन्छ भन्ने गलत मान्यता यद्यपी अहिले पनि पाइन्छ ।

महिला शिक्षित भए भने राम्रो पारिवारिक व्यवस्थापन र योजना निर्माण गर्न सक्दछन् भन्ने मान्यता स्वीकार गर्न सकिएको छैन । अध्ययन स्थलका दलित (कामी, दमाई, सार्की) महिलाहरु अशिक्षा को कारणले गर्दा अन्य समाजका महिलाले जत्तिकै राजनीतिक चेतना पाएका छैनन् । यस समाजमा केही शिक्षित महिलामा र केही साक्षर महिलामा राजनीतिक चेतना थोरै मात्र आएको छ ।

अहिलेको देशमा भएको महिला शिक्षा ,महिला कोटा सम्बन्धि व्यवस्थाको कारणले गर्दा पनि यहाँका महिलाले राजनीति गर्नुपर्दछ भन्ने बारेमा चेतना आएको पाइन्छ । यस अध्ययनबाट जानकारी भए अनुसार समाजमा आएको शैक्षिक परिवर्तनले गर्दा घरको कार्य आफूले गरेर भएपनि र स्कूलमा चाहिने सामानहरु उपलब्ध गराएर बच्चा बच्चीलाई स्कूल पढ्न सहयोग गरेको पाइयो ।